कम्पनी : Specialized Laundry For Washing Cloth

पूर्व स्वीकृति मिति : २०८१/०२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१७ | LT. No. 304840 | चलानी नं.६०२१९५५३

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Naif Food Co.wll

पूर्व स्वीकृति मिति : २०८१/०४/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१७ | LT. No. 305821 | चलानी नं.६०२२२९९६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Tools Cleaner (Indoor) | 70 | 75 | 85 | ३७,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २५ गते (10th Dec. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

# ललितपुरका बाढीपीडितले अझै पाएनन् राहत

**ललितपुर (प्रस)**– गत असोज १२ गतेको बाढीले दक्षिण ललितपुरको तीन स्थानीय तहमा ठूलो क्षति पुऱ्यायो । एक सयभन्दा बढी घर विस्थापित भए । बाढीले क्षति पुऱ्याएको तीन महिना बित्दासमेत सरकारले उपलब्ध गराउने भनेको ५० हजार रूपैयाँ राहत रकममध्येको पहिलो किस्ता २५ हजार रूपैयाँसमेत पीडितले प्राप्त गरेका छैनन् ।

ललितपुर महानगरपालिकाको नख्खु करिडोर, महाँकाल गाउँपालिकाको थोत्ने खोला, कोन्ज्योसोम गाउँपालिका र बागमती गाउँपालिकामा बाढीले ठूलो क्षति पुऱ्याएको थियो । थोत्ने खोलाको बाढीले ४८ घर पूर्णरूपमा विस्थापित छन् । दिनानुदिन चिसो बढ्दै गएकाले बासको व्यवस्था गर्न नसकेको पीडितको गुनासो छ ।

तीनवटै पालिकाको सिफारिसमा क्षति विवरण आएपछि राहत रकमस्वरूप पहिलो किस्ताबापत्को २५ हजार रूपैयाँ प्रदान गरिने ललितपुरका प्रमुख जिल्ला अधिकारी रमेश ढकालले जानकारी गराए । उनले भने, 'पालिकाको सिफारिसमा आएको क्षति विवरणसहितको फाराम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अनलाइनमा अपडेट गरेपछि प्रक्रिया अगाडि बढ्ने छ ।' हालसम्म कोन्ज्योसोम गाउँपालिकाबाहेक अरू पालिकाको विवरण प्राप्त नभएको उनको भनाइ छ ।

महाँकाल गाउँपालिका मनिखोला-२ थोत्ने खोलाको बाढीले विस्थापित ६७ घरसहित पालिकाभरिको ९७ बाढीपीडितको विवरण संकलन भएको महाँकाल गाउँपालिका-२ का अध्यक्ष जो नीकुमार न्यासुरको भनाइ छ । अध्यक्ष न्यासुरले भने, 'हाम्रो पालिकाको क्षति विवरण आइसकेको छ, सायद अन्य पालिकाबाट विवरण नआएर हुनसक्छ पीडितले राहात रकमको पहिलो किस्तासमेत पाएका छैनन् ।'

थोत्ने खोलाको बाढीले घरबास बगाएपछि ललितपुर सातदोबाटोमा बस्दै आएका बुद्धिमान स्यांतान हाल महाँकाल गाउँपालिका-२ मनिखोलमा टहरा बनाएर बसिरहेका छन् । स्यांतानले भने, 'बाढीले क्षति पुऱ्याएको ठाउँ सुनसान छ । आफ्नो जग्गा जमिन कहानेर थियो भन्ने ठम्याउनै गाह्रो छ । सरकारले दिने भनेको ५० हजार रूपैयाँबराबरको पहिलो किस्ता नै अझै पाइएको छैन ।'

# अपांगता भएका व्यक्तिको अधिकार संरक्षण गर्न आग्रह

**काठमाडौं (प्रस)**– राष्ट्रिय मानवअधिकार आयोगले नीति, योजना, कार्यक्रम र बजेटमा अपांगता भएका व्यक्तिहरूका सवाललाई प्राथमिकता दिन तीनै तहका सरकारलाई आग्रह गरेको छ । डिसेम्बर ३ अर्थात् अपांगता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसको अवसरमा मंगलबार आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले जारी गरेको प्रेस विज्ञप्तिमा अपांगता भएका व्यक्तिहरूको मानवअधिकारको संरक्षण र सम्वर्द्धनका लागि प्रभावकारी कदम चाल्न र संघ, प्रदेश तथा स्थानीय तहलाई उक्त आग्रह गरिएको छ ।

'अपांगता भएका व्यक्तिहरूको अधिकारको संरक्षण र सम्वर्द्धनका लागि निरन्तर कार्य गर्दै आइरहेको छ, अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा ऐन कानुनमा भएका व्यवस्थाहरूको कार्यान्वयन अपेक्षाकृतरूपमा हुन सकेको देखिँदैन,' विज्ञप्तिमा भनिएको छ, 'अपांगता भएका व्यक्तिहरूलाई घर, परिवार र समाजले हेर्ने दृष्टिकोण र व्यवहारमा परिवर्तनको आवश्यकता रहेको छ ।'

आयोगले गरेको अनुगमनको क्रममा पूर्वजन्मको पाप भनी अपांगता भएका व्यक्तिलाई वर्षौंदेखि खोरभित्र पशुसरह बाँधेर राख्ने गरिएको पाइएको विज्ञप्तिमा उल्लेख छ । साथै, आयोगले यस दिवसको अवसरमा मनोसामाजिक अपांगता भएका व्यक्तिको अधिकारका सम्बन्धमा गरेको अध्ययन प्रतिवेदनसमेत सार्वजनिक गरेको छ । नेपाल अपांगता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ को पक्ष राष्ट्र बनेको छ ।


## साउदीमा रोजगार

कम्पनी : AL BLOUSHI GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०५/१८ | पूर्व विज्ञापन स्वीकृति मिति : २०८१/०८/१७ | LT. No. 310068 | चलानी नं. ६०२२४६६० 

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | CLEANERS/GENERAL WORKER | 5 | 0 | 1000 | ३६,१२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 6 | 0 | 1000 | ३६,१२८ | | | | | | | |
| 3 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६५,०३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २५ गते (10th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.**
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np
श्रम इजाजत नं. ९७१/०६७/०६८

## कुवेतमा रोजगार

कम्पनी : MUGHAL MAHAL GENERAL TRADING & CONTRACTING CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०२/११ | पून: विज्ञापन स्वीकृति मिति : २०८१/०८/१८ | LT. No. 305296 | चलानी नं. ६०२२0000

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | COOK / ASSISTANT CHEF | 10 | 0 | 155 | ६८,५३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 135 | ५९,६९१ | | | | | | | |
| 3 | Helpers (Construction) | 10 | 0 | 105 | ४६,२२६ | | | | | | | |
| 4 | Hostess | 0 | 8 | 135 | ५९,६९१ | | | | | | | |
| 5 | KITCHEN TOOL CLEANER | 10 | 0 | 105 | ४६,२२६ | | | | | | | |
| 6 | WAITER/HOTEL SERVICE | 10 | 0 | 130 | ५७,४८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २६ गते (11th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nexus Human Resource Pvt. Ltd.** Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498


बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

## आयोजना कार्यान्वयन एकाइ. हेटौंडा

### सूचना सच्याइएको सम्बन्धमा

प्रकाशित मिति: २०८१/०८/१९

मिति २०८१/०८/१८ मा प्रभाव दैनिकमा यस एकाइद्वारा प्रकाशित सूचनामा क्रम संख्या ८ उल्लेख गर्न छुट भएको हुँदा तपसिल बमोजिम थप गरी सूचना सच्याइएको ब्यहोरा अनुरोध छ ।

**तपसिल:**

| क्र.सं. | कार्यक्रम संचालन हुने | | लक्षित फलफूलबारी | कै. |
|---|---|---|---|---|
| | जिल्ला | स्थानीय तह | | |
| ८. | धादिङ | गजुरी गाउँपालिका | मेकाडेमिया नट, एभोकाडो, कागती | |

**निर्देशक**

## दोभान खोला हाइड्रोपावर लिमिटेड

**Dobhan Khola Hydro Power Limited**
का.म.न.पा.-४, चन्डोल, काठमाडौं, नेपाल
फोन : ०१-४५४२८६०, इमेल : dobhankhola2023@gmail.com

### तेस्रो वार्षिक साधारणसभा सम्बन्धी सूचना

*(पहिलो पटक प्रकाशित मिति : २०८१/०८/१९ गते)*

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय :**

मिति : २०८१ साल पौष १४ गते (तद्अनुसार २९, डिसेम्वर २०२४) आइतबार ।
स्थान : केन्द्रिय कार्यालय, का.म.न.पा.-४, चण्डोल, काठमाडौं।
समय : बिहान १०:०० बजे ।

**(क) साधारण प्रस्ताव**

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व.२०८०/०८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सम्बन्धी छलफल गरी स्वीकृत गर्ने ।
३. आ.व. २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको परिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरू**

१. आ.व. २०८०/०८१ मा विभिन्न संस्था तथा ब्यक्तिहरूलाई दिइएको आर्थिक सहयोग रकम अनुमोदन गर्ने ।
२. कम्पनीको प्रबन्ध पत्र तथा नियमावाली संशोधन गर्न अख्तियारी सञ्चालक समितिलाई दिने ।

**(ग) विविध**

**साधारणसभा सम्बन्धी जानकारीहरू**

१. साधारणसभामा आफ्नो जिज्ञसा राख्न चाहनुहुने शेयरधनीहरूले आफ्नो जिज्ञासा साधारणसभा हुने २ दिनअघि नै इमेल dobhankhola2023@gmail.com मार्फत पठाउनु पर्नेछ ।
२. शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सभाका अध्यक्ष आफैले वा सभाका अध्यक्षबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रूपले उत्तर दिइनेछ ।

**३. विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Infrastructure Development Office

**Udayapur**
**Koshi Province, Nepal**

## Invitation for Electronic Bids

***First Date of Publication: 2081/08/19 (04 December, 2024)***

1. Infrastructure Development Office, Udayapur, invites electronic bids under National Competitive Bidding Single Stage Single Envelope Procedure for following works. Eligible bidders may obtain further information from PPMO's Web Site http://www.bolpatra.gov.np/egp.

| S. N. | Contract Identification Number | Description and Location of work | Bid Validity Period | Bid Security Validity Period | Estimated Amount with VAT& PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | IDO/UDA/NCB/W/R/19/081-082 | Upgrading of Bhagarpur Kurima Road, Sakela Ga.Pa.-1, Sekhuwa, Khotang | 90 days | 120 days (up to 02 May, 2025) | 7347040.23 | 200000 | 3000 |
| 2 | IDO/UDA/NCB/W/R/20/081-082 | Upgrading of Diktel Rupakot Majuwagadi Na.Pa.-14 Bijule Buipa Bamrang Diktel Road, Di. Ru. Ma.Na.Pa.-14, Khotang | 90 days | 120 days (up to 02 May, 2025) | 4854907.84 | 130000 | 3000 |
| 3 | IDO/UDA/NCB/W/R/21/081-082 | Upgrading of Jhilke Tol dekhi Samridhi Tol hundai Pakha tol sadak, Triyuga Na. Pa.- 9, Udayapur | 90 days | 120 days (up to 02 May, 2025) | 2413036.41 | 65000 | 3000 |
| 4 | IDO/UDA/NCB/W/R/22/081-082 | Upgrading of Kapase Sukalahi Bokedhik Gairitol, Namunatol, Bargaun, Dharampur hundai Simalpur sadak, Triyuga Na. Pa.- 7 and 8, Udayapur | 90 days | 120 days (up to 02 May, 2025) | 2895498.45 | 75000 | 3000 |
| 5 | IDO/UDA/NCB/W/R/23/081-082 | Upgrading of Maruwa -Dumsi-Jhopu Road, Katari 4, Udayapur. | 90 days | 120 days (up to 02 May, 2025) | 2421761.29 | 65000 | 3000 |
| 6 | IDO/UDA/NCB/W/R/24/081-082 | Upgrading of Sahid Ramesh Karki Marg, Belaka 3, Udayapur | 90 days | 120 days (up to 02 May, 2025) | 2419861.32 | 65000 | 3000 |
| 7 | IDO/UDA/NCB/W/R/25/081-082 | Dadaghar Pipalbot Chhatibanko Rukh Hudai Gallimuni Bajgara Sarki Gaun Road Track Open, Rawabesi 3, Khotang | 90 days | 120 days (up to 02 May, 2025) | 2899817.38 | 75000 | 3000 |
| 8 | IDO/UDA/SQ/W/R/01/081-082 | Upgrading of 7 no. Wada Karyalaya Dobela Banachung Road, Di.Ru. Ma.Na.Pa.-7, Khotang | 45 days | 75 days (up to 03 March, 2025) | 1454913.96 | 40000 | 1000 |
| 9 | IDO/UDA/SQ/W/R/02/081-082 | Upgrading of Diktel Alsedhunga to Sapsukhola Road, Di.Ru.Ma.Na.Pa.-6, Khotang | 45 days | 75 days (up to 03 March, 2025) | 1952335.41 | 50000 | 1000 |
| 10 | IDO/UDA/SQ/W/R/03/081-082 | Upgrading of Madhyapahadi Rajmarg to Sanghiya Khanepani-Diktel Bahumukhi Campus Road, Di.Ru.Ma.Na.Pa.-3, Khotang | 45 days | 75 days (up to 03 March, 2025) | 1454723.94 | 40000 | 1000 |
| 11 | IDO/UDA/SQ/W/R/04/081-082 | Upgrading of 14 no. wada karyalaya- Yelamber khelmaidan to Bichagaun Road, Di. Ru. Ma.Na.Pa.-14, Khotang | 45 days | 75 days (up to 03 March, 2025) | 1936852.38 | 50000 | 1000 |
| 12 | IDO/UDA/SQ/W/R/05/081-082 | Upgrading of Chhote Panarang Majhutole Road, Belka Na.Pa.-8, Udayapur | 45 days | 75 days (up to 03 March, 2025) | 1949849.53 | 50000 | 1000 |
| 13 | IDO/UDA/SQ/W/R/06/081-082 | Upgrading of Dhodre Ranibas Sadak, Tri.Na.Pa. 15, Uidayapur | 45 days | 75 days (up to 03 March, 2025) | 1930927.13 | 50000 | 1000 |
| 14 | IDO/UDA/SQ/W/R/07/081-082 | Upgrading of Mirchaiya Katari Sadak Khand Taradhari Dekhi Gufa Mahadev Mandir Jane Sadak, Katari Udaypur | 45 days | 75 days (up to 03 March, 2025) | 1445477.02 | 40000 | 1000 |
| 15 | IDO/UDA/SQ/W/R/08/081-082 | Upgrading of Udayapur gadi -6 Madan Bhandari Rajmarga bata Khatritar Dhappar Bhumare Baradamar hundai Lahan Jodne Sadak, Udayapuragadi 6, Udayapur | 45 days | 75 days (up to 03 March, 2025) | 1928029.97 | 50000 | 1000 |

**Office Chief**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## अपांगता भएका नागरिकको अधिकार कार्यान्वयन कहिले ?

डिसेम्बर ३ (मंगलबार) का दिन विश्वभर अपांगता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस मनाइयो । नेपालमा पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाइयो । दिवस मनाइरहँदा अगांगता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्ने सवालमा राज्य चुकिरहेको पाइन्छ । मुलुकको संविधान तथा विभिन्न ऐन कानुनमा अपांगता भएका व्यक्तिहरूको हक अधिकार सुनिश्चित गरिए पनि व्यवहारमा कार्यान्वयन हुन सकिरहेको छैन ।

नेपालको संविधानको धारा ४२ मा रहेको सामाजिक न्यायको हकअन्तर्गत उपधारा (३) मा 'अपांगता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने छ' भनी उल्लेख गरिएको छ । वर्तमान संविधान कार्यान्वयनमा आएको एक दशक पूरा हुनलाग्दासम्म संविधानमा किटान गरिएको यो व्यवस्था पूर्णरूपमा कार्यान्वनमा आउन सकेको छैन । सबै सरकारी कार्यालय र संरचनाहरू अपांगतामैत्री बन्न सकेका छैनन् । जसले गर्दा सार्वजनिक सेवा तथा सुविधामा समान पहुँच पाउनबाट अपांगता भएका व्यक्तिहरू वञ्चित रहँदै आएका छन् ।

यही सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोगले नीति, योजना, कार्यक्रम र बजेटमा अपांगता भएका व्यक्तिहरूका सवाललाई प्राथमिकता दिन तीनै तहका सरकारलाई आग्रह गरेको छ । आयोगले मंगलबार एक विज्ञप्ति जारी गरी अपांगता भएका व्यक्तिहरूको मानवअधिकारको संरक्षण र सम्वर्द्धनका लागि प्रभावकारी कदम चाल्न र संघ, प्रदेश तथा स्थानीय तहलाई उक्त आग्रह गरेको हो ।

अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा ऐन कानुनमा भएका व्यवस्थाहरूको कार्यान्वयन अपेक्षाकृतरूपमा हुन नसकेकोप्रति आयोगले चासो व्यक्त गरेको छ । अपांगता भएका व्यक्तिहरूलाई घर, परिवार र समाजले हेर्ने दृष्टिकोण र व्यवहारमा परिवर्तनको आवश्यकता रहेकोसमेत औंल्याइएको छ । आयोगले गरेको अनुगमनको क्रममा पूर्वजन्मको पाप भनी अपांगता भएका व्यक्तिलाई वर्षौंदेखि खोरभित्र पशुसरह बाँधेर राख्ने गरिएको पाइएकोसमेत उल्लेख गरेको छ ।

नेपाल अपांगता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ को पक्ष राष्ट्र बनेको छ । महासन्धिमा भएका व्यवस्थाका साथै नेपालको संविधान, आपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४, नियमावली २०७७ तथा अन्य कानुन र नीतिले गरेका व्यवस्थाहरूको कार्यान्वयनको सुनिश्चित गर्नु राज्यको दायित्व हुन्छ । महासन्धि र घरेलु कानुनमा भएका व्यवस्थाबमोजिम राज्यले केही कार्य गरे पनि त्यस्ता कार्यहरू प्रभावकारी हुन नसकेको हुँदा अहिले पनि अपांगता भएका व्यक्तिहरूको अधिकार प्रभावकारीरूपमा सुनिश्चित हुन नसकेको आयोगले औंल्याएको छ ।

मुलुकमा तीन तहको सरकार क्रियाशील रहेको अवस्थामा अपांगता भएका व्यक्तिहरूलाई संविधान तथा विभिन्न ऐन कानुनमा सुनिश्चित गरेका अधिकारहरू कार्यान्वयन हुन नसक्नु विडम्वनाको विषय हो । त्यसैले मानवअधिकार आयोगले औंल्याएका विषयहरूमा तीनै तहका सरकारले तत्काल कदम चाल्न जरुरी छ । अपांगता भएका नागरिकलाई आत्मसम्मानका साथ बाँच्न पाउने व्यवस्था गर्न अझै ढिला नगरियोस् ।

### मनन्योग्य

### चाणक्य नीति

विष्णुगुप्तलाई थाहा भयो अब सिकन्दर कैकेय प्रवेश गरेर झेलम र चितारबीचको कैकेय देश जित्ने इच्छा गर्दै अघि बढ्दैछ, जहाँका राजा पुरु जसलाई पोरस भनिन्छ छन् ।

मातृभूमिको यस्तो दुर्दशा देखेर आमाका सपूत चाणक्यका हृदयमा हाहाकार मच्चियो । आम्भीजस्तो विश्वासघाती, महानन्दजस्तो बिलासी व्यक्तिलाई राजकाजबाट पर अलग्याएर राजा बनेको खण्डमा मात्र यस्तो आशा गर्न सकिन्छ यहाँ विश्वासघाती आम्भी विलासी महानन्दजस्ता गुजाबाट केही हुँदैन भारत वर्ष टुक्रा-टुक्रामा बाँडिएको छ, जसले सिकन्दरसँग टक्कर लिन खोज्छ, उसका सेनाको अगाडि कोही पनि टिक्न सक्दैन । नन्दजस्तो राजाका हातमा राज्य रहन दिनुहुँदैन । उनी बुझ्दथे कि मगध शक्ति सम्पन्न राज्य हो ।

उसले आफ्नो पहिलो लक्ष्य भारत वर्षको उत्तर-पश्चिममा बसेको तक्षशिला सहरका नरेश आम्भीलाई बनायो । कुनै युद्ध नै नगरी आम्भीले सिकन्दरले दासता स्वीकार गर्दै धेरै धन र बहुमूल्य उपहार पनि दिए । यो आम्भीको आफ्नो देशप्रति ठूलो विश्वासघात थियो सन्धिपछि सिकन्दरका सैनिकले उत्पात गर्न थाले । धेरै समयदेखि युद्धमा नै रहेका सैनिकहरू पत्नीबाट विछोड भएकाले तक्षशिलाका तरुनी देखेर कामुक भए ।

प्रतिदिन सहरका छोरीबुहारीहरू सिकन्दरका सैनिकका वासनाका सिकार भए । सिकन्दरले तक्षशीलामा संस्कृतको विरोध गरी युनानी भाषाकी आरम्भ गरायो । सिकन्दरले राज्यको सहयोग पाएकाले आचार्यहरू र विद्यार्थीहरूको अध्ययन-अध्यापन बन्द गरायो ।

राजा आम्भीले स्वीकार्नु, सिकन्दरका सैनिकको उत्पात, संस्कृतको पठनपाठन बन्द आदिले तक्षशिलामा विद्यार्थीहरू कम हुँदै गए, जुन विश्वविद्यालयमा प्रवेश पाउनका लागि विद्यार्थीको तछाडमछाड भइरहन्थ्यो ।

# लैंगिक हिंसाविरुद्ध सामाजिक न्यायमा शिक्षाको भूमिका



■ हरिविनोद अधिकारी

नेपालमा सन् १९९७ सालदेखि लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान गरिँदै आएको छ । यो अभियानको इतिहासमा जाँदा सन् १९६० मा डोमेनिक गणराज्यका तीन दिदीबहिनीहरू पेट्रिया, मिनर्भा र मारियालाई त्यहाँको निरंकुश सरकारले राजनीतिक विरोधीका रूपमा मारेकाले र त्यही कारणले त्यहाँको निरंकुश सरकारको पनि केही समयपछि पतन भएकाले डोमेनिकन सरकारकोसमेत प्रयासले नोभेम्बर २५ तारिखलाई महिला हिंसाविरुद्धको दिवस मनाउन संयुक्त राष्ट्रसंघले आफ्ना सदस्य राष्ट्रहरूलाई आह्वान गरेको हो । नोभेम्बर २५ तारिखदेखि सुरु भएको लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानको अन्तिम दिन मानवअधिकारको विश्वव्यापी घोषणाको दिन मानवअधिकार दिवसमा पारिएको छ ।

नेपालमा पनि अहिले यो १६ दिने अभियान निरन्तरतामा छ । हुन त यस १६ दिने अभियानको नाम लैंगिक हिंसाविरुद्ध भने पनि खासमा महिलाविरुद्धमा गरिने हिंसालाई कसरी कम गने भन्ने सचेतना अभियानका रूपमा लिइन्छ । एकातिर प्रत्येक वर्ष सचेतना अभियान गरिन्छ तर महिलामाथि हुने हिंसात्मक प्रवृत्ति नेपालमा पनि बढेकै छ र संसारमा पनि प्रत्येक वर्ष वृद्धि भएको पाइन्छ । प्रत्येक वर्षझैं यस वर्ष पनि नेपालले राष्ट्रियरूपमा आफ्नो प्रतिबद्धता जनाउँदै हामी सबैको प्रतिबद्धता, लैंगिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता भन्ने नाराका साथ विभिन्न तहमा कार्यक्रम सञ्चालन गरिएका छन् । नेपालमा घरेलु हिंसा भनेको महिला हिंसासँग जोडिन्छ महिला हिंसा भनेको लैंगिक हिंसासँग जोडिन्छ । महिला हिंसा भन्यो भने पनि त्यो घरेलु हिंसासँग मिल्न जान्छ । पितृसत्तात्मक परम्पराका कारणले हिंसाका कारण र परिणाममा महिलाको नाम जोडिन जान्छ । त्यसैले लिंग वा यौनका कारणले हुने हिंसात्मक प्रवृत्तिका सम्बन्धमा जानकारी राख्नुपर्ने हुन्छ । लैंगिक विभेद, घरेलु हिंसा, बलात्कार, मानवीय बेचबिखन र त्यसका परिणाम अनि सामाजिक न्यायका दृष्टिले त्यसको निराकरण आदि यस समयका केन्द्रीय विषय हुन् । पौराणिककाल तथा महाभारतकालमासमेत महिलाप्रति गरिएका विभेदकारी नीतिका कारणले नै एउटा युगको संस्कृति नै महायुद्धमार्फत समाप्त भएको थियो । विभिन्न तरिकाका महिला हिंसा वा घरेलु हिंसालाई रोकेर र कम गरेर मात्र हामी सभ्य समाजको रूपमा विकसित हुन सक्छौं ।

समाजलाई लैंगिक सन्तुलनमा राख्न र लैंगिक हिंसाबाट मुक्त गर्न पनि शिक्षाको ठूलो महत्त्व छ । यस सम्बन्धमा यस्तै क्षणिक अभियानले मात्र त सम्भव छैन । यस्ता चेतनाका काम सरकारले मात्र गरेर पनि सम्भव छैन । सामाजिक चेतनामा नै जुनसुकै प्रकारको भए पनि जसलाई जहाँ भएको भए पनि लैंगिक हिंसाविरुद्धमा सचेत गराउनु सबैको कर्तव्य हुन जान्छ । तर यसका लागि समुचित र सकारात्मक नैतिक शिक्षाविना यो सम्भव छैन । शिक्षालाई सामाजिक न्यायको एउटा महत्त्वपूर्ण पाटो मानेमा लैंगिक सन्तुलन कायम पनि हुन्छ र लैंगिक हिंसाबाट पनि समाज विस्तारै विस्तारै लैंगिक समानताको तहमा पुग्न सक्छ ।

### लैंगिकतामा हिंसा कसरी प्रवेश गर्दछ त ?

यौनिकताका कारणले लैंगिकतामा असर पाने व्यक्तिको शारीरिक अवस्था, मानसिक अवस्था, सामाजिक-सांस्कृतिक मूल्य मान्यता, देशको कानुनी व्यवस्था, धर्म, परम्पराजस्ता कुराले समाजलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ र लैंगिकतामा असमानता देखिने बित्तिकै त्यहाँ हिंसाले प्रवेश पाउँछ, भनौं हिंसाले स्थान प्राप्त गर्दछ । प्रकृतिले दिएको विशेषता अनुसारको यौनिक अन्तरले लैंगिक अन्तरको काम गर्दछ । प्रकृतिले दिएको लैंगिक अन्तरले सन्तानोत्पत्तिका लागि प्रमुख भूमिका निर्वाह गरेको हुन्छ तर सामाजिक-सांस्कृतिक परम्परा र चलनले तयार गरेको लैंगिक असमानताले हिंसा जन्माउँछ । लैंगिकताको विभेदले गुम्सिएर गरिने स्वतःस्फूर्त प्रतिरोध र प्रतिरोध नगरिकन रहँदा जन्मने दबाब दुवैले हिंसाको अवस्था सिर्जना गरेको पाइन्छ । लैंगिकताको विभेदमा अपूर्ण तथा अतृप्त यौनेच्छादेखि समाजको विद्यमान पितृसत्तात्मक वनावटले देखाएको असमानतासमेत प्रतिविम्बित हुन जान्छ । प्रकृतिले पुरुषलाई भन्दा महिलालाई बढी संवेदनशील आंगिकस्वरूप दिएको छ । सांसारिक प्रवृत्तिमा र नेपालको परिप्रेक्ष्यमा लैंगिक असमानताको कुरा गर्दा पुरुष, महिला र तेस्रो लिंगीका बीचमा देखिनेगरी गरिएको सामाजिक तथा सांस्कृतिक एवं कानुनी विभेद नै सम्झनुपर्दछ ।

अपांगताको अवस्था झन् विकराल छ, जसमा लैंगिक विभेदले जरो नै गाडेको छ । तर आमा जातिमा रहेको त्यस्तो अपरिवर्तनीय यौनिकताका कारणले नै सामाजिकरूपमा विभेद सुरु भएको पाइन्छ । यो विभेद वैदिककालदेखि आजसम्म विभिन्न स्वरूप र प्रकारमा विद्यमान छ, जसको सकारात्मकरूपमा नै अन्त्यको आवश्यकता छ ।

### महिलाविरुद्ध हिंसाका विभिन्न स्वरूप

महिलाविरुद्धको हिंसा भन्नाले महिला भएकै कारणले व्यक्तिगत जीवनमा र सार्वजनिक जीवनमा लिंगका कारणले हुने हिंसाजन्य कार्य हो । यसले महिलालाई शारीरिक पीडा पुर्‍याउँछ, मानसिकरूपमासमेत आघात पारेको हुन्छ । महिला हिंसा भनेको धम्की, दबाब र जबरजस्ती करणीजस्ता कुराले महिलाको स्वतन्त्रतामा पार्ने बन्देजसमेत पर्दछ । महिलामाथि हिंसा हुने कुरा कुनै एक संस्कृतिमा मात्र सीमित हुँदैन । उमेर र वर्गमा मात्र पनि सीमित हुन सकेको पाइँदैन । समाजमा लैंगिक हिंसाको कुरा गर्दा बढीभन्दा बढी महिलाले विभिन्न कालखण्डमा विभिन्न स्वरूपका हिंसाको कटु अनुभव गरेको पाइएको छ । महिलाविरुद्ध हिंसालाई कतिपय परिस्थितिमा घरेलु हिंसासँग पनि जोडिएको छ । पितृसत्तात्मक हाम्रो समाज र सामाजिक संरचना नै असन्तुलित छ । पुरुषको सामाजिक भूमिका गहकिलो बनाइएको छ र महिलाको सामाजिक तथा सांस्कृतिक भूमिका सहायकस्तरको बनाइएको छ ।

नेपाली समाजमा महिलाविरुद्धको हिंसा, पुरुषले महिलामाथि आफ्नो श्रेष्ठतासिद्ध गर्ने माध्यमको रूपमा प्रयोग गरिरहेका छन् । संयुक्त राष्ट्रसंघीय साधारणसभाले १९९३ डिसेम्बर २० मा पारित गरेको महिलाविरुद्धको हिंसा उन्मूलनसम्बन्धी घोषणापत्रमा भनिएको छ, महिलाविरुद्धको हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिंगको आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, मानसिक पीडा वा मानसिक क्षति वा मनमा चोट या अदृश्य पीडा पुर्‍याउँछ वा पुर्‍याउने सम्भावना हुन्छ । यसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दबाब र स्वेच्छाचारीरूपमा महिलाको स्वतन्त्रतामा बन्देज लगाउँछ । वास्तवमा महिलाविरुद्धको हिंसा भनेको लैंगिक विभेद नै हो, जसले महिलाको अधिकार प्रयोग गर्ने स्वतन्त्रतामा बाधा पुर्‍याउने गर्दछ ।

### महिलामाथिको हिंसा नै घरेलु हिंसा हो त ?

महिलामाथिको हिंसा नै त घरेलु हिंसा होइन तर प्रकारान्तरमा घरेलु हिंसा भनेको महिलामाथिको हिंसा नै अर्थ्याइएको छ । घरेलु हिंसा संसारमा सबै खालका सभ्यता र समाजमा लुकेर बसेको हुन्छ । शारीरिक क्षमता र समाजको संरचनालाई दृष्टिगत गर्दा घरेलु हिंसा भनेको महिलामाथिको हिंसा नै बुझिन्छ । पुरुषमाथि पनि घरेलु हिंसा भएको पाइन्छ, पुरुष भएकै कारणले हिंसा गरिएको छ भने त्यो पनि लैंगिक हिंसा नै हो तर पीडितका हिसाबले महिला नै अत्यधिक पीडामा बाँच्न बाध्य भएको पाइन्छ ।

संयुक्त राष्ट्रसंघको महिलाविरुद्ध भेदभाव उन्मूलन गर्ने समितिको सिफारिस नम्बर १९ ले घरेलु हिंसा भनेको महिलाविरुद्ध हिंसाको एउटा सबैभन्दा पुरानो रूप मानेको छ र सबै किसिमको समाजमा यो विद्यमान रहेको स्वीकार गरेको छ । घरेलु हिंसाले महिलाको स्वास्थ्यलाई खतरामा पारिरहेको र सार्वजनिक तथा पारिवारिक जीवनमा समानताको आधारमा सहभागी हुने महिलाको क्षमतामा प्रभाव पारिरहेको कुरा उपयुक्त सिफारिसमा प्रस्ट पारिएको छ । घरेलु हिंसा (कसूर र सजाय) ऐनमा घरभित्रको नाता सम्बन्धका व्यक्तिबीच हुने शारीरिक, मानसिक, यौनजन्य, भावनात्मक र सम्पत्तिसम्बन्धी कुनै पनि प्रकारका हिंसालाई घरेलु हिंसाको रूपमा परिभाषित गरी यस्तो कार्यलाई दण्डनीय आपराधिक कार्य मानिने कुरा स्पष्ट पारिएको छ । त्यसैले महिलामाथिको हिंसालाई नै घरेलु हिंसाको रूपमा स्वीकार गरिएको पाइन्छ । यसो हुनुमा लैंगिक विभेदका कारणले हो । यसका लागि लैंगिक सन्तुलन आवश्यक छ । सामाजिक न्यायका दृष्टिले लैंगिक असन्तुलनका विभिन्न कारण हुन सक्छन् । तर, हाम्रो जस्तो समाजमा विद्यमान सामाजिक तथा सांस्कृतिक विभेद नै मुख्य कारण हुन सक्छन् । हाम्रा कानुन तथा कानुनी प्रयोग समाजको आवश्यकता र अलिखित नियमका आधारमा नै अभ्यासमा आएका हुन्छन् ।

### नेपालमा लैंगिक हिंसाको अवस्था

लैंगिक हिंसाले पुरुष र महिला दुवैलाई हुने हिंसा भन्ने जनाएता पनि नेपालको परिप्रेक्ष्यमा लैंगिक हिंसा भन्नाले महिलामाथि र बालिकामाथि हुने हिंसालाई नै जनाउँछ । महिलामाथि हुने लैंगिक हिंसाका स्वरूप हुन्- हत्या, कुटपिट, यौन शोषण, दाइजोसँग सम्बन्धित अत्याचार, बलात्कार, वैवाहिक बलात्कार, जबर्जस्ती करणीबाट गर्भधारण, यातना, महिलालाई क्षति पुर्‍याउने परम्परागत चलन, पति वा पतिका नातेदारबाट हुने हिंसाजन्य व्यवहार, शोषणसँग सम्बन्धित हिंसा, सार्वजनिक स्थान या कार्यालय वा अन्य कार्यक्षेत्रमा काम गर्ने सिलसिलामा हुने यौनजन्य व्यवहार तथा दुर्व्यवहार, बालिका तथा महिला बेचबिखन तथा बाध्यताका साथ गराइने देहव्यापार आदि ।

गर्भमा भ्रूण केटा भए बचाउने तर केटी भ्रूण भए गर्भपतन गराउने प्रचलन नेपालमा पनि देखिन थालेको छ । यस्तो चलन बढ्न पो थालेको छ । गर्भको बच्चा पत्ता लगाउने बारेमा अत्याधुनिक प्रविधिको विकास भएकोमा खुसी व्यक्त गर्दागर्दै पनि अवैधानिकरूपमा, आमाको इच्छाविना गर्भपतन हुन थालेको र भ्रूण हत्याजस्तो जघन्य अपराध हुन थालेको पाइन्छ । यसो हुनुमा वैज्ञानिक प्रविधिको दुरूपयोग गर्दा पनि घरेलु हिंसा हुन्छ र यसमा पनि महिला नै पीडित हुनुपरेको छ । महिलाको पीडा गर्भबाटै यसरी सुरु हुने गर्दछ । नजन्मँदैदेखि लैंगिक विभेदको शिकार हुनुपर्दछ । यसैगरी शिक्षा, स्वास्थ्य, खाना र आवासको सुविधादेखि सामाजिक क्रियाकलापमासमेत महिलालाई विभेद गरिएको पाइन्छ । बालिकाको श्रम शोषण, बलात्कार, यौनशोषण अहिले प्रचलित घरेलु हिंसा बनेका छन् । युवतीलाई चरम यौन शोषण, बलात्कार, वैवाहिक बलात्कार, श्रम शोषण, आफ्ना नजिकका नातेदारबाटै बेचबिखन हुनुपर्ने हालका देखिएका घरेलु हिंसा र लैंगिक हिंसाका स्वरूप हुन् । वृद्धावस्थामा नगरेको काममा पनि गाली, बेइज्जती, बोक्सीको आरोपमा मलमूत्र ख्वाउने प्रवृत्ति, कुटपिट, मानसिक यातना, घरबाट छोराबुहारी वा छोरी ज्वाइँले निकाल्ने र बेघरबार बनाउने चलन र यौन दुर्व्यवहारसमेत भएका घटना सुन्न र देख्न पाइन्छ ।

केटीको विवाहको उमेर कम्तीमा पनि २० वर्ष हुनैपर्ने भनिएता पनि कतिपय व्यवहारमा त्योभन्दा कम उमेरमा अनमेल विवाह गर्ने र बालविवाहलाई अझै परम्पराबाट हटाउन नसकिएको यथार्थ हाम्रा सामु विद्यमान छ । सार्वजनिक स्थानमा हुने लैंगिक हिंसामा बलात्कार, यौन शोषण तथा कार्यक्षेत्रमा गरिने यौनजन्य दुर्व्यवहार, महिला तथा बालिकाको बेचविखन, परम्परागत विभेदपूर्ण प्रचलन जस्तै दाइजोका लागि रकम दिने तथा लिने, देउकी प्रथा, झुमा प्रथा, छाउपडी प्रथालाई लिन सकिन्छ । जनसांख्यिक सर्वेक्षणअनुसार २३ प्रतिशत महिला र २० प्रतिशत पुरुषले हाम्रो परिवार तथा समाजमा लैंगिक हिंसा छ र त्यसबाट घरेलु हिंसालाई प्रश्रय दिइएको छ भनी स्वीकार गरेका तथ्यांक हाम्रो सामु छ । यसबाट मुक्ति पाउन नै सन् २०१० लाई नेपालले लैंगिक हिंसाविरुद्धको वर्ष भनी मनाएको पनि थियो ।

नेपालमा लैंगिक हिंसाले परम्पराको रूपमा घरेलु हिंसाको रूप लिएको छ । यसलाई हामीले नहिच्किचाई स्वीकार गर्नसक्नुपर्दछ । तर, यसलाई कमी गर्दै लैंगिक सन्तुलन र सामाजिक न्यायका दृष्टिले लैंगिक समानताको रूपमा हाम्रा समाजलाई डोर्‍याउनुपर्दछ । डोर्‍याउनु जरुरी पनि छ । यसका लागि महिलाको भूमिकाले पुग्दैन । समाजका सबै तह र वर्गको समानुपातिक तवरले सहयोग र सहकार्य जरुरी छ ।

### घरेलु हिंसा वा महिला हिंसाबाट कसरी मुक्त हुने त ?

घरेलु हिंसा तथा त्यसैको पर्यायवाचीको रूपमा रहेको महिला हिंसाबाट बच्नका लागि सबैभन्दा पहिले त चेतना जरुरी छ । चेतना शिक्षाको रूपमा, चेतना सामाजिक न्यायको स्वरूपको पहिचानका रूपमा, चेतना कानुनी प्रावधानका स्पष्ट दण्डका रूपमा र अमानवीय, जघन्य अपराधका रूपमा घरेलु हिंसालाई पहिचान गरी समाजको रूपान्तरण जरुरी छ । त्यसका लागि बालिकालाई शिक्षा, महिलालाई शिक्षा र वृद्धालाई शिक्षा र सबैका लागि समानतामुखी शिक्षा नै आजको आवश्यकता हो ।

वास्तवमा यो एउटा यक्ष प्रश्न बनेको छ कि शिक्षा प्राप्त नभइ सामाजिक चेतना प्राप्त हुँदैन र सामाजिक न्यायको प्रत्याभूति भनेको नै शिक्षाले मात्र दिन सक्दछ । कुन पहिले त ? सामाजिक न्याय प्राप्तिका लागि आवश्यक पर्ने चेतनाका लागि शिक्षा नै अपरिहार्य तत्त्व हो, त्यसैले पनि शिक्षालाई आधारभूत आवश्यकता र मौलिक हकको रूपमा लिइएको छ विश्वव्यापीरूपमा । अवसरका लागि पनि शिक्षा आवश्यक छ । सामाजिक न्यायको सिद्धान्तले पनि के भन्दछ भने वञ्चित समुदायलाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारले सुसज्जित पार्न पनि उनीहरूलाई सशक्तीकरण गर्नु अनिवार्य छ ।

मानवीय सशक्तीकरणका लागि शिक्षा नै पूर्वसर्त पनि हो र परिणाम पनि हो । त्यसैले सामाजिक न्याय प्राप्तिका लागि पहिलो पूर्वाधार नै शिक्षा उपलब्ध गराउनु हो । एउटा सर्वमान्य धारणा के छ भने शिक्षा प्राप्तिपछि सामाजिक न्याय प्राप्त गर्न सबै मान्छे स्वतः सक्षम हुन्छन् । सामाजिक न्यायको वितरणको लेखाजोखा गर्न पनि शिक्षाको नै जरुरत पर्दछ । तर, अर्को समस्या के देखापर्दछ भने शिक्षा प्राप्ति नै यत्ति दुरुह भएको छ कि यो नै सर्वप्रथम सामाजिक न्यायको पहिलो सर्तको रूपमा उपलब्ध गराउनुपर्दछ । आज शिक्षालाई मौलिक हकको पनि प्राथमिक स्वरूपमा लिइएको छ ।

शिक्षा पाउनु पनि सामाजिक न्यायको आधारभूमि हो र सामाजिक न्याय पाएको भनेको नै शिक्षा पाउनु हो । यसलाई केस्राकेस्रा गर्न पनि सकिँदैन तर शिक्षा प्राप्त गर्नु नै सामाजिक न्यायको पहिलो खुड्किलो चढ्नु हो भनेर चाहिँ मान्नुपर्दछ । त्यसैले घरेलु हिंसाबाट बच्न पनि, महिलामाथि हुने हिंसाबाट बच्न पनि, बालिका तथा युवतीहरू बेचबिखनबाट बचाउन र बाध्यात्मक देहव्यापारबाट मुक्त गराउन पनि शिक्षाको नै आवश्यकता छ ।

### निष्कर्ष

घरेलु हिंसा वा लैंगिक हिंसा महिला हिंसा भनेको एउटै जस्तो मानिन्छ, हाम्रो जस्तो विकासोन्मुख मुलुकमा । पितृसत्तात्मक सामाजिक तथा सांस्कृतिक परम्परा भएका मुलुकहरूमा, समाजमा यस्तो प्रकारको हिंसालाई क्रमशः कमी गर्दै लैजान कडाभन्दा कडा कानुन जरुरी भए पनि सोको प्रावधानभन्दा पनि शिक्षाको समुचित प्रबन्ध नै अत्यावश्यक हुन्छ । त्यसैले लैंगिक समानता र सचेतनाका लागि सामाजिक न्यायउन्मुख शिक्षाको सुप्रबन्ध जरुरी छ । सामाजिक न्यायोन्मुख समाजले मात्र यस्ता हिंसाबाट समाजलाई मुक्त गर्न सक्छ र लैंगिक सन्तुलन कायम गरी सबै खालका लिंगीय विभेदलाई अन्त्य गर्न सक्षम हुनसक्ने वातावरण बन्नसक्छ । *रासस*

> घरेलु हिंसा वा लैंगिक हिंसा महिला हिंसा भनेको एउटै जस्तो मानिन्छ, हाम्रो जस्तो विकासोन्मुख मुलुकमा । पितृसत्तात्मक सामाजिक तथा सांस्कृतिक परम्परा भएका मुलुकहरूमा, समाजमा यस्तो प्रकारको हिंसालाई क्रमशः कमी गर्दै लैजान कडाभन्दा कडा कानुन जरुरी भए पनि सोको प्रावधानभन्दा पनि शिक्षाको समुचित प्रबन्ध नै अत्यावश्यक हुन्छ । त्यसैले लैंगिक समानता र सचेतनाका लागि सामाजिक न्यायउन्मुख शिक्षाको सुप्रबन्ध जरुरी छ । सामाजिक न्यायोन्मुख समाजले मात्र यस्ता हिंसाबाट समाजलाई मुक्त गर्न सक्छ र लैंगिक सन्तुलन कायम गरी सबै खालका लिंगीय विभेदलाई अन्त्य गर्न सक्षम हुनसक्ने वातावरण बन्नसक्छ ।

# सरकारी संरचना नै छैनन् अपांगतामैत्री

**अमरगढी (डडेलधुरा)**– डडेलधुरास्थित सरकारी संरचना तथा कार्यालय प्रमुखको कक्ष अपांगतामैत्री नहुँदा अपांगता भएका व्यक्तिको सहज पहुँच पुग्नसकेको छैन । अपांगता भएका व्यक्तिले सरकारी कामका लागि कार्यालय आउँदा सहयोगी नल्याए काम गर्न सक्ने अवस्था नभएको गुनासो गरेका छन् ।

अमरगढी नगरपालिका-१ भेटाका गणेश ऐर नगरप्रमुखलाई भेट्न जाँदा सधैं त्रासमा पर्नुपर्ने अवस्था रहेको बताए । उनले भने, 'त्यहाँ पुग्नुअघि कुन दिन सिँढीबाट लडिन्छ सधैं डराउनुपने अवस्था छ ।' शारीरिकरूपमा अपांगता भएका ऐरजस्तै अन्य धेरै सेवाग्राही अपांगतामैत्री कार्यालय नहुँदा समस्यामा छन् । अमरगढी नगरपालिकाको यो अवस्था छ भने अन्य कार्यालयको अवस्था पनि यो भन्दा फरक छैन ।

एकातिर कार्यालयसम्म पुग्न सहज छैन भने अर्कातिर कार्यालय प्रमुख माथिल्लो तलामा बस्ने गरेका छन् । जिल्लाका अधिकांश स्थानीय तह प्रमुख, प्रमुख जिल्ला अधिकारी, जिल्ला न्यायाधीश, शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख, सामाजिक विकास कार्यालय प्रमुख, मालपोत अधिकृत, नापी प्रमुख, टेलिकम, विद्युत्लगायत सरकारी कार्यालयका प्रमुखको माथिल्लो तलामा कार्यकक्ष छ । यसले गर्दा अपांगता भएका सेवाग्राहीको पहुँच कार्यालय प्रमुखसम्म पुग्न सहज नभएको उनीहरूले बताएका छन् ।

सरकारी संरचना अपांगतामैत्री नहुँदा अपांगता भएकाहरूले सास्ती भोग्दै आएका हुन् । अपांगतामैत्री कार्यालय नहुँदा सीधै कार्यालयमा गएर आफ्ना समस्या उनीहरूले राख्न सकेका छैनन् । कार्यालय परिसरमै पुग्न नसकेका अपांगता भएकाहरूको पहुँच कार्यालय प्रमुखसम्म पुग्ने त कुरै भएन । कार्यालयका सम्बन्धित अधिकारीसम्म सीधै पहुँच नहुँदा उनीहरूले समस्या भोग्दै आएका हुन् ।

सरकारी कार्यालयमा अप्ठ्यारो सिँढी रहेकाले शारीरिक अपांगता भएकाहरूले सहज सेवा लिन नपाएको जिल्ला अपांग कल्याण सेवा समितिका अध्यक्ष राजेन्द्रप्रसाद पन्तले बताए । 'वैशाखी, सेतो छडी बोक्नेहरूका लागि कार्यालयको सेवा कठिन भएको छ,' उनले भने, 'मुलुकमा धेरै परिवर्तन आए तर अपांगका लागि सहज सेवा पाउन सकेका छैनन् ।'

अपांग भएका व्यक्तिहरूले आफ्ना कुरा सम्बन्धित अधिकारीको कार्यकक्षमै आएर सुनाउन सक्ने वातावरण बनेको छैन, जसले गर्दा उनीहरू सहजरूपमा सरकारी सेवासुविधाबाट वञ्चित हुनुपरेको छ । सरकारी सेवा सहज रूपमा लिन कार्यालय प्रमुखलाई पटक-पटक भुइँतलामा बस्नुपर्ने आग्रह गरे पनि अहिलेसम्म कार्यान्वयन नभएको अध्यक्ष पन्तले गुनासो गरे । डडेलधुरामा चार हजार १५० जना अपांगता भएका व्यक्ति छन् ।

अपांगता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ जारी भएता पनि जिल्लाका सरकारीलगायत गैरसरकारी निकायका संरचना अपांगतामैत्री निर्माण भएका छैनन् । प्रत्यक्ष जनसरोकारका सरकारी अड्डामा पनि यो अवस्था भएपछि अपांगता भएकाहरूले आफ्नो हकअधिकारबाट वञ्चित हुनुपरेको दुखेसो पोखेका छन् ।

जिल्लाका सरकारी भवन, विद्यालय, अस्पताल, स्वास्थ्य संस्था, धार्मिकस्थल, कार्यस्थल, सार्वजनिक सडक, सडकपेटी, यात्रु प्रतिक्षालयजस्ता सार्वजनिक स्थल र सर्वसाधारणलाई खुला गरिएका व्यावसायिक भवन, आवासीय भवन, होटल तथा रेस्टुराँजस्ता सार्वजनिक भौतिक संरचनामा अपांगता भएकाहरूका लागि सहज र उपयुक्त ढोका, झ्याल, गाइडिङ ब्लक र ब्रेलसमेतको व्यवस्था गरी अपांगता भएका व्यक्तिको सहज आवागमन र उपयोगका लागि पहुँचयोग्य बनाएर अपांगता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना बन्न नसक्दा सास्ती भोग्दै आएका हुन् । *रासस*

रामजानकी विवाहपञ्चमी

# अयोध्याबाट जनकपुरधाम आइपुगे जन्ती

**महेन्द्रनगर (धनुषा)**– रामजानकी विवाह पञ्चमीको अवसरमा भगवान् श्रीरामको जन्मभूमि अयोध्याबाट मंसिर १२ गते प्रस्थान गरेको जन्ती मंगलबार जनकपुरधाम आइपुगेको छ । करिब ५०० साधुसन्तको समूह रहेको सो जन्ती टोली सोमबार राति महोत्तरीको मटिहानीमा विश्राम गरेर मंगलबार जनकपुरधाम प्रवेश गरेको हो ।



जनकपुरधाम आइपुगेका जन्तीलाई उपमहानगरपालिकाका नगरप्रमुख मनोज साहले औपचारिकरूपमा स्वागत गरे । यस क्रममा सडकका दुवै किनारामा उभिएका स्थानीय बासिन्दाले 'जय सियाराम' को नारा लगाउँदै पुष्पवृष्टिका साथ जन्तीलाई सम्मान गरेका थिए । यसअघि महोत्तरीको मटिहानीमा नगरप्रमुख हरिप्रसाद मण्डलसहित नगरवासीले बाजागाजाका साथ भव्य स्वागत गरेका थिए । जन्तीको आगमनलाई भव्य बनाउन जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दासले नगरवासीलाई सहभागी हुन आग्रह गरे ।

उनले भने, 'प्रत्येक पाँच वर्षमा अयोध्याबाट भगवान् श्रीरामको जन्ती जनकपुर आउँछ । यो हाम्रा लागि विशेष शौभाग्य हो । जन्तीको स्वागत गर्न पाउँदा हामी गौरवान्वित छौं ।' महन्त दासले जन्तीका लागि चार दिनसम्म जनकपुरधाममा बसोबास र भोजनको सम्पूर्ण व्यवस्था मिलाइएको बताए ।

जन्ती अहिले जनकपुरधामको बाह्रबिघा मैदानमा रहेको छ । केहीबेरमा जन्तीलाई जानकी मन्दिरमा स्वागत गर्न लगिने कार्यक्रम छ । वि.सं. २०६१ देखि सुरु भएको अयोध्याबाट जन्ती आउने परम्परा यसपटक चौथोपटक हो । प्रत्येक पाँच वर्षमा जन्ती जनकपुर आउने गरेको छ । सप्ताहव्यापी रूपमा मनाइने रामजानकी विवाह पञ्चमी महामहोत्सवको रौनकले जनकपुरधाम उत्सवमय बनेको छ । यही मंसिर १६ गतेदेखि सुरु भएको विवाह पञ्चमीमा पहिलो दिन नगर दर्शन, दोस्रो दिन फूलबारी लीला र तेस्रो दिन मंगलबार धनुषयज्ञ महोत्सव मनाइँदै छ ।

धार्मिक ग्रन्थमा उल्लेख भएअनुसार, भगवान् श्रीरामले कसैले हल्लाउन नसकेको शिव धनुष तीन टुक्रा पारेपछि माता सीतासँग विवाह निश्चित भएको थियो । मटिहानीमा लक्ष्मीनारायण मठका मानमहन्थ जगरनाथ दास वैष्णव, मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डललगायतले मटिहानीमा जन्तीको स्वागत गरेका थिए ।

भारतको अयोध्यास्थित कारसेवकपुरमबाट प्रस्थान गरेका जन्ती बिहारको बक्सर, पाटलीपुत्र, हाजीपुर, काँटी, शिवहर, रुन्नी, सैदपुर, पनौराधाम, जानकी मन्दिर, पुपरी, अहिल्या हुँदै आइतबार भारतको विहारस्थित बेनीपट्टी आइपुगेको थियो । सोमबार साँझ बेनीपट्टीबाट मधवापुर हुँदै महोत्तरीको मटिहानी आएका जन्ती मंगलबार जनकपुरधाम पुगेका छन् । *रासस*

## श्री मध्य एयर वेश, गौचर व्यारेक, काठमाडौं

### दरभाउपत्र आव्हानको सूचना

सूचना नं. NA/NCB/Goods/MAB/081/82/01

(पहिलो पटक सूचना प्रकाशित मिति २०८१/०८/१९ गते)

१. यस एयर वेशलाई आ.व. २०८१/०८२ मा आवश्यक पर्ने देहायमा उल्लेखित सामाग्रीको e-GP-System को माध्यमबाट खरिद गर्नको लागि यो १५ दिने सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

२. सिलबन्दी दरभाउपत्र सम्बन्धी विवरण:-

| ठेक्का नं. | कामको विवरण | जमानत रकम रु. | दरभाउपत्र दस्तुर | पेश गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| NA/NCB/Goods/MAB/081/82/01 | Purchase Of Commercial Items For Aircraft | 47,600.00 | 1,000.00 | २०८१/०९/०४ गतेको १२:०० बजे | २०८१/०९/०४ गते को १३:०० बजे |

३. विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको Website मा राखिएको र थप जानकारीको लागि फोन नं. ०१-४११३०७८/९८५१३३६५८० मा सम्पर्क गर्नुहोला ।

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Panchasorna Group Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-24Y01 | N/A | CHINA | PCS | 6,860.00 | 7,740.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-24Y02 | N/A | CHINA | PCS | 6,900.00 | 7,790.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-24Y03 | N/A | CHINA | PCS | 7,050.00 | 7,950.00 | |

बिक्रेताको फर्मको नाम: **Panchasorna Group Pvt. Ltd.** | स्थायी लेखा नं: **606749170**

ठेगाना: **Pepsikola-32, Kathmandu, Nepal** | फोन नं: **9801171012**

## Gramthan Rural Municipality
### Office of Rural Municipal Executive
Tetariya, Morang

Koshi Province, Nepal

### Invitation for Bids (e-bid only)

**Date of publication: 2081/08/19**

1. *Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang* invites electronic bids from Nepalese eligible bidders for the construction of *work as stated in table below*.

| Contract ID/IFB No. | Description | Estimated Amount (exclusive VAT) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|
| GRM/sq/Goods/14-81/82 | Supply and Delivery of Medicine to Gramthan Rural Municipality, Tetariya | 1053766.6 | 1000 | 30000 | |

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक २१७ मंसिर १८ गते २०८१ मा प्रकाशित **TIRUPATI H.R. SOLUTION (P) LTD** को Lot No. 313434/312350 को **Exeed Precast - Sole Proprietorship L.L.C.** कम्पनीको विज्ञापनमा पूर्व स्वीकृति मिति : २०८१/०८/१७ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

TIRUPATI H.R. SOLUTION (P) LTD

Govt. License 1544/078/079

Sinamangal 9, Airport, Kathmandu, Nepal, Tel: 01-5911215, Email: tirupatihrsolution@gmail.com, Web: www.tirupati.hr.com.np

## युएइमा रोजगार

कम्पनी : MADINAT ADEN PLASTER ,TILES & PAINTS CONT.

पूर्व स्वीकृति मिति : २०८१/04/१२३२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/०८ | LT. No. 308514 | चलानी नं. ६०२२३१९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter/ Construction Carpenter | 6 | 0 | 1200 | ४४,४२० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Assistant/laobur | 4 | 0 | 1000 | ३७,०१५ | | | | | | | |
| 3 | Mason | 11 | 0 | 1200 | ४४,४२० | | | | | | | |
| 4 | Painter | 16 | 0 | 1200 | ४४,४२० | | | | | | | |
| 5 | Sewage Pipelayer | 5 | 0 | 1200 | ४४,४२० | | | | | | | |
| 6 | Tile Layer | 8 | 0 | 1200 | ४४,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २६ गते (11th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## माइग्रेसन हराएको सूचना

मिति: २०८१/०५/२० गते कमलपोखरीदेखि मालिगाउँसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : विनोद कार्की**
**रजिस्ट्रेसन.नं.: ६३११०१०९६**
**सिम्बोल.नं.: २३४५६९**
**सम्पर्क: ९८४९६७४९१९**

## कतारमा रोजगार

कम्पनी : ANSAR GALLERY

पूर्व स्वीकृति मिति : २०८१/०८/१८ | LT. No. 314812 | चलानी नं. ६०२२९१४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 2 | 1000 | ३७,१४५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 15 | 0 | 1000 | ३७,१४५ | | | | | | | |
| 3 | Salesman | 2 | 0 | 1300 | ४८,२९० | | | | | | | |
| 4 | Store Keeper | 4 | 0 | 1900 | ७०,५७५ | | | | | | | |
| 5 | Supervisor | 5 | 1 | 3000 | १११,४३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २६ गते (11th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 290/059/60

NEPAL PLACEMENT AGENCY PVT. LTD.

Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal

Tel: +977-1-4531239, 4532999, Email : info@npajobs.com, Web : www.npajobs.com

## धनगढी उप-महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्रको आशय पत्र सम्बन्धि सूचना

सूचना प्रकाशित मिति २०८१/०८/१९

यस धनगढी उप- महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०८१/०८२ अन्तर्गत तपसिल बमोजिमका कार्यको लागि मिति २०८१/०७/०१ र २०८१/०७/०४ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाअनुसार न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| ठेक्का नं. | कामको विवरण | फर्म/कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 40/DSMC/2081/082 | Construction of Puspalal Smirti Samudayik Bhawan Building Ward No. 05 DSMC | श्री ए ए कन्स्ट्रक्सन धनगढी, कैलाली | रू. २७,००,९८५/५५ मु. अ. क. बाहेक |
| 41/DSMC/2081/082 | River Training Works on Naruwa Khola at Ward No. 05 DSMC | श्री प्रीती/ निलकण्ठ जे. भी. धनगढी, कैलाली | रू. २३,३४,८७५/०० मु. अ. क. बाहेक |
| 42/DSMC/2081/082 | Procurement for the Supply and Delivery of Water ATM with water Chilling and Storage System (2 Units) | श्री न्यू आनन्द ट्रेड हाउस प्रा. लि. बिराटनगर, मोरंग | रू. १३,७०,७९६/४६ मु. अ. क. बाहेक |

**प्रमुख प्रशासकीय अधिकृत**

## Department of Water Resources and Irrigation
### Mahakali Irrigation Project, Stage-III, Kanchanpur

### Invitation for Bids

*Date of Publication: 4th December 2024 (2081-08-19)*

Mahakali Irrigation Project, Stage-III, Kanchanpur invites electronic bids from eligible bidders for the following works under NCB Single Stage Double Envelope bidding procedures. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp.

| IFB No | Name of Work | Bid Document Fee | Bid Security |
|---|---|---|---|
| MIP/CAP-01/081-82 | Command Area Protection Works at different Places of Kanchanpur District | NRs. 5,000.00 | NRs. 24,00,000.00 |

**Project Director**

# प्रभाव दैनिक

बुधबार, १९ मंसिर २०८१ (Wednesday, December 04, 2024)


## रूपशाला

### दक्षिण कोरियाली चर्चित अभिनेताको निधन

दक्षिण कोरियाका चर्चित अभिनेता पार्क मीन जेको निधन भएको छ । ३२ वर्षीय अभिनेताको मृत्यु कार्डियक अरेस्टका कारण भएको बताइएको छ । कोरियाली सञ्चार माध्यमका अनुसार उनी चीनमा बिदा मनाउन गएका थिए । त्यहीँ उनको मृत्यु भएको बताइएको छ । मृत्युको खबर अभिनेताको परिवार र उनको एजेन्सीले सामाजिक सञ्जालमा एउटा पोस्टमार्फत दिएका हुन् । उनको अन्तिम संस्कार इवाह सोल अस्पतालमा नोभेम्बर ४ मा गरिने बताइएको छ । जेले कयौँ कोरियाली ड्रामा फिल्म र सिरिजमा काम गरेका छन् ।



# र्‍यापर हाकिम र ब्रिजेशले ल्याए 'चिसो चिसो हावाले'



■ प्रभाव संवाददाता

**काठमाडौं** – र्‍यापर हाकिम र गायक ब्रिजेश श्रेष्ठले संयुक्त प्रस्तुतीमा तयार भएको र्‍याप गीत 'चिसो चिसो हावाले' सार्वजनिक गरेका छन् । आज काठमाडौँस्थित जमलमा रहेको विश्वज्योती सिनेप्लेक्समा पत्रकार सम्मेलनको आयोजना गर्दै सार्वजनिक गरिएको र्‍याप गीतको अडियो गायक श्रेष्ठले तयार गरेका हुन् । गीतको भिडियोमा समेत गायक श्रेष्ठ, र्‍यापर हाकिम, मोडल युकी, एलिस बाहादुर सिंह लगायतले अभिनय गरेका छन् ।

सार्वजनिक गीतले त्रिकोणात्मक प्रेमलाई दर्शाउने गायक श्रेष्ठले बताए । उनले भने, 'गीतमा चिसो हावालाई प्रेम कम्ल्पना गरिएको छ । केही समयको अन्तरालमा ल्याएको यो गीत मलाई मध्यरातमा फुरेको थियो । हाकिम दाईसँग यसको अडियो तयार गरेपछि नेस स्टुडियो र फुजी स्टुडियोले यसको भिडियो परिकल्पना गरेका हुन् । अडियो भैँ भिडियो पनि सशक्त हुनुपर्छ भन्ने लागेर हामीले मेहनत गरेका छौँ ।'

गीत सार्वजनिक समारोहमा उपस्थित रहेका र्‍यापर गिरिश खतिवडाले र्‍यापको माहोल राम्रो बनिरहेको देख्दा खुसी लागेको बताए । 'यसरी र्‍यापर अगाडी आएर आफूलाई चिनाउदै गीत सार्वजनिक गर्दा निकै खुसी लाग्छ । यो गीत अडियो र भिडियो पनि राम्रो बनेको छ । यस्तै कार्यक्रम गरेर यस्ता गतिविधि बढाउनु पर्छ । अहिलेको नयाँ पुस्ताले समेत र्‍यापलाई राम्रोसँग अगाडी बढाएको देख्दा खुसी छु', र्‍यापर खतिवडाले भने ।

र्‍यापर हाकिमले र्‍यापरको भेटघाटका लागि पनि यस किसिमको कार्यक्रम आयोजना गरिएको बताए । उनले भने,'हामीले सधै कभर भिडियो बनाएर गीत सार्वजनिक गर्ने गरेका छौँ । आर्थिक अनुकुलता नहुँदा पनि त्यस्तो भएको पाइन्छ, तर यसरी सानै भएपनि कार्यक्रम गर्दा भेटघाटसँगै आत्मियता बढ्छ । एकअर्कासँग सहकार्य गर्ने माहोल बन्छ ।'

कार्यक्रममा शुभकामना दिन र्‍यापर मानस घले पनि उपस्थित थिए । विवेक मगरको छायांकन र निर्देशन रहेको गीतको भिडियो नेस स्टुडियोमार्फत सार्वजनिक गरिएको छ । र्‍यापर हाकिमको 'राक्षस','चोरीदेउ लौन मलाइ' र ब्रिजेशको 'रङग', 'ओ मैचा','डल्ली' लगायतका गीत लोकप्रिय छ ।

# कमेडी रियालिटी शो 'मिमिक्री किङ' आउँदै

■ प्रभाव संवाददाता

**काठमाडौं**– नयाँ कमेडी रियालिटी शो 'मिमिक्री किङ' आउने भएको छ । कमेडियन दिनेश काफ्लेले आफ्नो निर्देशनमा यो शो ल्याउन लागेका हुन् ।

शोमा क्यारिकेचर कमेडियनहरू सहभागी हुन सक्नेछन् । दक्षयानी प्रोडक्सनको ब्यानरमा बन्ने यो शोको अहिले सेट डिजाइनको काम भइरहेको छ । निर्देशक काफ्लेका अनुसार शो आगामी फागुनसम्म प्रसारण गर्ने तयारी भइरहेको छ । शोको डिजिटल राइट्समा ओएसआर डिजिटले लिएको छ भने कुनै एक राष्ट्रिय टेलिभिजनमार्फत कार्यक्रम प्रसारण तयारी भैरहेको काफ्लेले बताए ।

'हामी अहिले स्टुडियोको काममा ब्यस्त छौं, शो नेपालका लागी मात्र नभई वर्ल्डमै फरक हुनेमा ढुक्क छौं । हामीले बुझे अनुसार मिमिक्री गर्नेहरूका लागी छुट्टै शो बनेको छैन' काफ्लेले थपे ।

शोको छिट्टै हामी डिजिटल अडिसन समेत खुल्नेछ । शोमा तीन निर्णायक हुनेछन् । निर्णायक अहिले छनौटको क्रममा छन् । मिमिक्रीसँगै अभिनय गर्नेहरूलाई लक्षित गरेर निर्णायक टिम बनाउने योजनका निर्माण टिमको छ ।

शोको बिजेतालाई एक कार र नगद उपहार प्रदान गरिने घोषणा गरिएको छ । साथै विजेताले विदेशका केही कार्यक्रममा प्रस्तुति दिने अवसर समेत निर्देशक काफ्लेले जनाकारी दिए ।






# माघ २५ मा फिल्म 'ममी' रिलिज हुने

**काठमाडौं (प्रस)**– अभिनेत्रीद्वय प्रियंका कार्की र दीया मास्केको मुख्य भूमिका रहेको फिल्म 'ममी' आगामी माघ २५ गतेदेखि प्रदर्शनमा आउने भएको छ । मंगलबार निर्माण युनिटले फिल्मको फष्टलुक सार्वजनिक गर्दै माघ २५ गतेलाई प्रदर्शन मिति घोषणा गरेको हो । फष्टलुक एउटा ठुलो रुखको फेदमा घर अनि प्रियंका र दीयालाई सोही रुखको आकारमा प्रस्तुत गरिएको छ । पोस्टरमा प्रियंकालाई गम्भीर भावमा प्रस्तुत छिन्, भने दीयाको रगताम्य अनुहारसहित डरलाग्दो अवतारमा देख्न सकिन्छ । हरर फ्यामिली ड्रामा कथामा निर्माण भएको सिनेमाले एक परिवारमा छोरी र कुकुरको दुखद निधन पश्चात रहस्यमय कालो बिरालो अपनाएसँगै निम्तने विपत्तिलाई देखाउने छ ।

एसओ ट्वान्टी फाइभको प्रस्तुतिमा निर्माण भएको फिल्ममा प्रियंका र दीयासँगै सुलक्षण भारती, समीप निरौला, घनश्याम जोशी, आयुषी ढकाल, जेभिस श्रेष्ठ, गुराँस ढकाल, रिना ढकाल लगायत कलाकारको अभिनय देख्न सकिन्छ । समर निरौलाको लेखन तथा निर्देशन रहेको फिल्मको लोकराज जोशी र पूर्णिमा जोशी निर्माता अनि सुमन कोइराला कार्यकारी निर्माता रहेका छन् । फिल्म काठमाडौँ उपत्यकामा काफिया फिल्मस् र मोफसलमा कुवेर सिने डिष्ट्रीव्युसनले वितरण गर्दैछन् ।


मधेश प्रदेश सरकार

स्वास्थ्य तथा जनसंख्यामन्त्रालय

स्वास्थ्य निर्देशनालय

**प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय**

मधेश प्रदेश, मलंगवा, सर्लाही

**आर्थिक प्रस्ताव खोलिने बारेको सूचना**

प्रकाशित मिति : २०८१/०८/१९

उपरोक्त सम्बन्धमा यस कार्यालय बाट मिति २०८१/०४/११ मा आह्वान गरिएको E-Bidding मार्फत दर्ता भएको बोलपत्रहरूको पूर्णताको परिक्षणबाट सारभूत रूपमा प्रभावग्राही भएका तथा प्राबिधिक मूल्यांकनबाट उतिर्ण भएका तपसिल बमोजिमका बोलपत्रदाताहरूको आर्थीक प्रस्ताव सार्वजनिक खरिद नियमावली नियम ३१ (ङ) को उपनियम (५) बमोजिम मिति २०८१/०८/२६ गते दिउँसो ०१:०० बजे खोलिने व्यहोरा सूचित गरिन्छ ।

| क्र.स | ठेक्का नं | योजनाको नाम | प्राबिधिक प्रस्तावना सफल बोलपत्रदाताहरु |
|---|---|---|---|
| १ | PAAH/Sarlahi/Works/NCB/080/081/01 | Construction Of Provincial Aayurved Yog,Panchakarma Hospital And Research Centre,Gangapur,Sarlahi | Associate/Anamol J.V., Bajhang, Nepal |
| २ | | | Baburatna - Innovative JV |
| ३ | | | AMC-Dibya Darshan-Rayan JV |
| ४ | | | B M.C/D L.B-J.V |
| ५ | | | Earth/Saipal-JV |
| ६ | | | Fullmoon Raut JV |
| ७ | | | R.B. SIDDHARTHA-J.A. ENGINEERING J.V |
| ८ | | | Hamro-BNS-Jawahar J/V |
| ९ | | | KCDC-RMCSC JV |
| १० | | | kshitiz Nirman Sewa Pvt.Ltd. |
| ११ | | | L.G.A Construction |
| १२ | | | Atlas-Mahadev-Rambole J/V |
| १३ | | | O.S. Engineering/DNNS/GHPL JV |
| १४ | | | Shrestha /SKR JV |
| १५ | | | shubha construction pvt. ltd. |
| १६ | | | Dreamway/Lotus/Wangla-J/V |
| १७ | | | Arbinda - Shaswat - Heaven JV |


## रंगशाला

### एनपिएल क्रिकेट

# चितवन र सुदूरपश्चिम विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटको दोस्रो दिन मंगलबार दुई खेल सम्पन्न भएका छन् । दोस्रो खेल खेलिरहेको विराटनगर किङ्सले लगातार दोस्रो पराजय भोगेको छ । त्यस्तै दोस्रो खेलमा चितवन राइनोज्ले पोखरा एभेञ्जर्सलाई पराजित गर्दै लगातार दोस्रो जित हात पारेको छ ।

पहिलो खेल खेलिरहेको सुदूरपश्चिम रोयल्सले विराटनगरलाई ९० रनले पराजित गर्दै सुखद् सुरुवात गरेको छ । विराटनगरले भने प्रतियोतिगामा लगातार दोस्रो हार बेहोरेको छ । यसअघि भएको पहिलो खेलमा विराटनगर जनकपुर बोल्ट्ससँग आठ विकेटले पराजित भएको थियो ।

विराटनगरका लागि बसिर अहमदले २८ बल खेल्दै दुई चौकाको सहयोगमा २४ रन बनाए । नौ बल खेलेका राजेश पुलामीले एक चौकाको मद्दतमा १५ रन बनाए । अनिल खरेलले १० रन बनाउनेबोहक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

त्यस्तै क्रिस सोलले नौ रन जोड्दा कप्तान सन्दीप लामिछाने आठ रनमा आउट भए । त्यस्तै इस्मत आलम ६ रनमा तगा निकोलस कीर्तोनले पाँच रन जोडे । बलिङतर्फ सुदूरपश्चिमका अभिनाश बोहोरा र स्कट कुगेलेइनले समान तीन तीन विकेट लिए भने ब्रान्डन म्याकमुलेन र सैफ अलि जैबले समान एक/एक विकेट लिए ।

त्यसअघि दीपेन्द्रसिंह ऐरीको अर्धशतकमा सुदूरपश्चिम रोयल्सले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ८२ रनको योगफल तयार गरेको थियो । टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमका कप्तान ऐरिले अविजित रहँदै २४ बलमा तीन चौका र पाँच छक्काको मद्दतमा ५७ रन बनाए ।

त्यसैगरी ब्रेन्डन म्यामुलेनले २६ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ३६ रन जोडे । विनोद भण्डारीले २० बलमा चार चौकाको सहयोगमा २३ रन जोडे भने इशान पान्डेले १६ बलमा दुई चौका र एक छक्काको सहयोगमा २१ रन बनाए । आरिफ शेखले पाँच बलमा दुई चौकाको सहयोगमा नौ रन जोडे । सेफ जेबले १५ बलमा एक छक्काको सहयोगमा १४ रन जोडे । विराटनगरका लागि अनिल खरेलले तीन विकेट लिए भने इस्मत आलम, बसिर अहमद र क्रिस सोलले समान एक /एक विकेट लिए ।

**चितवनको दोस्रो जित**

नेपाल प्रिमियर लिग (एनपीएल) पोखरा पराजित भएको छ । मंगलबार भएको दोस्रो खेलमा चितवन राइनोजले पोखरा एभेन्जर्सलाई ८७ रनले पराजित गरेको हो । चितवनले दिएको १६२ रनको लक्ष्य पछ्याएको पोखरा १३ ओभर १ बलमा ७४ रनमा समेटिन बाध्य भएको हो ।

पोखराका लागि नारायण जोशीले मा सर्वाधिक ३० रन जोडे पनि सो खेलमा मार्कस क्रिचलेले १७ रन जोड्दा अन्य कुनै ब्याटरले दोहोरो अंकमा रन बनाउन नसकेको अवस्था भोग्नु पर्‍यो । कप्तान कप्तान तथा ओपनर कुशल भुर्तेल शुन्यमा बाहिरए पछि सो खेलमा दिलिप नाथ ४, बास डे लिड शुन्य, किरण ठगुन्ना १, दिनेश खरेल १, रायमन रेइफर १, विपीन खत्री ९ र माइकल लिस्क शुन्य रनमा आउट हुनु परेको थियो ।

उता, बलिङमा चितवनका शोहिल तन्भिर, लुक बेन्केनस्टाइन र रिजन ढकालले ३-३ विकेट लिएका छन् । तन्भिरले पहिलो ओभर र रिजनले चौथो ओभरमा ३-३ विकेट लिन सफल भएका थिए । टस हारेर पहिला ब्याटिङ रोजेको चितवनले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १६२ रनको लक्ष्य दिएको थियो । एनपिएलको तेस्रो दिन (आज) बुधबार दुई खेल हुँदैछन् । पहिलो खेल बिहान ८:४५ बजे कर्णाली याक्स र काठमाडौं गुर्खाज् भिड्नेछन् भने दोस्रो खेल दिउँसो १ बजे विराटनगर किङ्स् र लुम्बिनी लायन्स् भिड्ने भएका छन् ।


पचरौता नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेनौली, बारा, मधेश प्रदेश

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धि सूचना**

(प्रकाशित मिति: २०८१/०८/१९)

यस कार्यालयको ठेक्का नं. NCB/PMUN/W/2081/82–05 को Ward No. 7 Benauli Pani Tanki Chok Dekhi Sadak Dhalan का लागि मिति २०८१/०६/१० मा जन सवाल राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही तपसिलको वोलपत्र स्वीकृतीको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन, (संसोधन सहित) २०६३ को दफा २७ को उपदफा १ र २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. स. | ठेक्का नं. | कामको विवरण | छनौट भएका वोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक मु.अ. कर समेत | कैफियत |
|---|---|---|---|---|---|
| १ | NCB/PMUN/W/ 2081/82–05 | Ward No. 7 Benauli Pani Tanki Chok Dekhi Sadak Dhalan | Rishav Construction, Mahagadhimai 02, Bara, Nepal | 90,38,054.29 NRS | |

प्रमुख प्रशासकिय अधिकृत

# युद्धपछिको गाजा चलाउन संयुक्त समिति गठन गर्न हमास र फतह सहमत



**कायरो–** प्यालेस्टिनी इस्लामवादी संगठन हमास र प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासको फतह पार्टीले युद्धोपरान्त गाजा सञ्चालन गर्न संयुक्त समिति बनाउन सहमति जनाएका छन्। अब्बासको स्वीकृति आवश्यक पर्ने उक्त योजनाअन्तर्गत अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, मानवीय सहायता र पुनर्निर्माणसँग सम्बन्धित मामिलामा अधिकार भएका १० देखि १५ जना गैरपक्षपाती व्यक्ति मिलेर समिति गठन गरिने प्रस्तावको मस्यौदामा उल्लेख छ।

समितिले इजिप्टको सिमानामा रहेको रफाह सीमा चौकीको प्यालेस्टिनी पक्षलाई व्यवस्थापन गर्नेबारे इजिप्टको मध्यस्थतामा कायरोमा भएको वार्तापछि दुई प्रतिद्वन्द्वी गुट सहमत भएका छन्। यो क्षेत्रको एकमात्र क्रसिङ इजरायलसँग साझा गरिएको छैन। केन्द्रीय पार्टी कमिटीका सदस्य अजम अल-अहमदको नेतृत्वमा फतहको प्रतिनिधिमण्डल अब्बासको अन्तिम स्वीकृति लिन मंगलबार रमल्लाह फर्कने दुवै पक्षका वार्ताकारहरूले बताएका छन्।

हमास प्रतिनिधिमण्डलको नेतृत्व पोलिटब्युरो सदस्य खलिल अल-हय्याले गरेका थिए। यो पहल गाजा युद्धको अन्त्य गर्न नयाँ कूटनीतिक प्रयासको समयमा आएको छ। हमासले सन् २०२३ अक्टोबर ७ मा इजरायलमा गरेको आक्रमणबाट युद्ध सुरु भएको थियो। इजिप्ट, कतार र टर्कीसँगै संयुक्त राज्य अमेरिकाको नेतृत्वमा यी प्रयास लेबनानमा इजरायल र हिजबुल्लाहबीच नाजुक युद्धविराम लागू भएको लगभग एक हप्तापछि आएको हो। सन् २००६ को चुनावमा हमासको सानदार विजयपछि भएको घातक झडपपछि हमासका लडाकुहरूले गाजा पट्टीबाट फतहलाई बाहिर निकालेपछि हमास र फतह कटु प्रतिद्वन्द्वी बनेका छन्।

हमासले सन् २००७ मा गाजामा नियन्त्रण कब्जा गर्‍यो। यद्यपि धर्मनिरपेक्ष फतह आन्दोलनले प्यालेस्टिनी प्राधिकरण र इजरायलको कब्जामा रहेको पश्चिमी किनारामा आंशिक प्रशासनिक नियन्त्रण गर्छ। अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रशासनले जनवरीमा राष्ट्रपति-निर्वाचित डोनाल्ड ट्रम्पलाई सत्ता हस्तान्तरण गने तयारी गरिरहेको बेला प्यालेस्टिनीहरूले युद्ध समाप्त भएपछि गाजामा हमासको कुनै भूमिका नहुने सुनिश्चित गर्न अमेरिकाको कडा दबाबको सामना गरिरहेका छन्।

इजरायलको इतिहासमा सबैभन्दा दक्षिणपन्थीमध्ये एक प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुको सरकारले गाजामा हमासको विनाश गर्नुलाई आफ्नो मुख्य युद्ध उद्देश्य बनाएको छ। यसले युद्धपछि गाजा पट्टीमा प्यालेस्टिनी प्राधिकरणले कुनै पनि भूमिका खेलेकोमा बारम्बार कडा विरोध व्यक्त गरेको छ। *रासस/एएफपी*

## इयूले साइबर सुरक्षा बलियो बनाउन नयाँ कानुन अपनाउने

**ब्रसेल्स (बेल्जियम)–** युरोपेली संघ (इयू) काउन्सिलले साइबर खतराप्रति उद्धार बनि सदस्य राष्ट्रहरूबीच बलियो साइबर ऐक्यबद्धता प्रवर्द्धन गर्ने उद्देश्यले सोमबार दुईवटा नयाँ कानुन पारित गरेको छ।

उक्त नयाँ कानुन साइबर सुरक्षा विधायी प्याकेजको हिस्सा हो। यी उपायहरूले साइबर घटनाहरूविरुद्ध इयूको तयारी र प्रतिक्रिया क्षमताहरूलाई सुदृढ पार्ने लक्ष्य राख्छन्। नयाँ नियमले राष्ट्रिय र सीमापार साइबर केन्द्रहरू मिलेर साइबर सुरक्षा चेतावनी प्रणाली स्थापना गर्ने प्रावधान पनि राखेको छ।

कानुनले साइबर खतरा पत्ता लगाउन, प्रतिरोध गर्न तथा कृत्रिम बुद्धिमत्ता र उन्नत डेटा विश्लेषण गर्न सघाउने अपेक्षा गरिएको छ भने स्वास्थ्य सेवा, यातायात र ऊर्जाजस्ता महत्त्वपूर्ण क्षेत्रमा परीक्षण क्षमतालाई पनि समर्थन गर्दछ। कानुन निजी क्षेत्रबाट घटना प्रतिक्रिया सेवाहरू प्रदान गर्दै साइबर घटनामा इयू सदस्य राज्य वा संस्थाको अनुरोधमा प्रयोग गर्न सकिन्छ।

यसबाहेक, आपत्कालीन प्रतिक्रिया प्रणालीको प्रभावकारिता मूल्यांकन गर्न घटना समीक्षा संयन्त्र स्थापना गरिने छ। कानुन आगामी हप्तामा इयूको आधिकारिक जर्नलमा प्रकाशित हुने छ भने प्रकाशनको २० दिनपछि *लागू हुने छ।* रासस/सिन्ह्वा

## धूमपान विरोधी कडा नियम लागू गर्ने इयूको तयारी

**ब्रसेल्स (बेल्जियम)–** युरोपेली संघ (इयू)का देशहरूले खेल मैदान र क्याफेलगायत धेरै बाहिरी क्षेत्रहरूमा धूमपानको प्रतिबन्धलाई समर्थन गर्दै मंगलबार कडा धूमपान विरोधी नियमहरू लागू गर्ने तयारी गरेका छन्।

सदस्य राष्ट्रहरूले धुँवा र वाष्प नियन्त्रण गर्न ब्रसेल्समा ब्लकको २७ राष्ट्रका स्वास्थ्य मन्त्रीहरूको बैठकमा उक्त प्रस्ताव पेस गरिने छ। कूटनीतिक स्रोतहरूका अनुसार यस मुद्दामा राजनीतिक मतभेद भए पनि अनुमोदन हुने सम्भावना बलियो छ।

यसले सरकारले भविष्यमा धूमपानका कारण हुने मृत्यु र रोगलाई कम गर्न खोज्ने नीतिहरूलाई संकेत गर्छ। सेप्टेम्बरमा युरोपेली आयोगको प्रारम्भिक प्रस्तावपछिको मस्यौदाले इयूका देशहरूलाई चुरोटमा प्रतिबन्ध विस्तार गर्न आह्वान गरेको छ। उक्त कानुनअन्तर्गत स्विमिङ पुल, समुद्र तट, चिडियाखाना, रूफटप बार र रेस्टुरेन्ट टेरेसलगायत स्थानहरूमा सबै धूमपान प्रतिबन्धित हुन्छ। *रासस/एएफपी*

## भारतमा पहिरोमा फसेका चारवटा शव फेला

**नयाँदिल्ली–** भारतको दक्षिणी राज्य तमिलनाडुमा उद्धारकर्ताहरूले पहिरोमा फसेका चारवटा शव निकालेको बताएका छन्। तमिलनाडुको राजधानी चेन्नईबाट करिब १९५ किलोमिटर पश्चिममा रहेको तिरुवन्नमलाईमा आइतबार भारी वर्षा पछि आएको पहिरोले एउटा आवासीय भवनमा ढुंगा खसेको थियो, जसमा सात जना फसेका थिए।

अधिकारीहरूले सोमबार ठूला चट्टानहरूले स्क्यानिङ मेसिनहरूलाई फसेका मानिसहरूलाई पत्ता लगाउन गाह्रो बनाइरहेका बताएका छन्। सोमबार तिरुवन्नमलाईमा दोस्रो पहिरो गएको अधिकारीहरूले बताएका छन्। *रासस/सिन्ह्वा*

## जापानमा सामान्यभन्दा तापक्रम बढ्यो

**टोकियो–** जापान मौसम एजेन्सीले १२६ वर्ष पहिले रेकर्ड सुरु गरेदेखि सबैभन्दा तातो शरद ऋतु यो वर्षको भएको जनाएको छ। जापानी मौसम विज्ञान एजेन्सीले सोमबार आफ्नो वेबसाइटमा जापानमा यो वर्ष सामान्यभन्दा १.९७ डिग्री सेल्सियस तापक्रम बढी रहेको तथा यो सन् १८९८ पछिको सबैभन्दा धेरै तापक्रम रहेको उल्लेख गरेको छ।

सेप्टेम्बर र नोभेम्बरको बीचमा, टोकियोमा सामान्यभन्दा २.४ डिग्री सेल्सियस, मध्य सहर नागोयामा २.९ र उत्तरी साप्पोरो सहरमा १.२ डिग्री बढी तापक्रम थियो। *रासस/एएफपी*

## दक्षिण कोरियामा ३८ जना भियतनामी पर्यटक बेपत्ता

सियोल (दक्षिण कोरिया)- दक्षिण कोरियाको दक्षिणी रिसोर्ट टापु जेजुमा ३८ जना भियतनामी पर्यटक बेपत्ता भएको योन्हाप समाचार एजेन्सीले मंगलबार टापुको पर्यटन संगठनलाई उद्धृत गर्दै जनाएको छ। गत नोभेम्बर १४ मा चार्टर्ड भियेटजेट एयरको उडानबाट करिब ९० जना भियतनामी यात्रु टापुमा आइपुगेको स्रोतले जनाएको छ। तिनीहरूमध्ये ३८ जना पर्यटक यही स्थानबाट सम्पर्कविहीन भएको तथा बाँकी यात्रुहरू सोही उडानमा फिर्ता भएको स्रोतले जनाएको छ। *रासस/सिन्ह्वा*


नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना
**श्री वीरेन्द्र अस्पताल**
छाउनी, काठमाण्डौ

**बोलपत्र आह्वानको सूचना**

सूचना नं. २०८१/०८२/०८
(पहिलो पटक सूचना प्रकाशित मिति २०८१/०८/१९ गते)

१. यस अस्पताललाई आ.व. २०८१/०८२ मा आवश्यक पर्ने देहायमा उल्लेखित सामाग्रीको e-GP-System को माध्यमबाट खरिद गर्नको लागि यो ३० दिने बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।
२. बोलपत्र सम्बन्धी विवरण :

| ठेक्का नं. | कामको विवरण | जमानत रकम रु. | बोलपत्र दस्तुर रु. | पेश गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| 07//NCB/Goods/NA-BH/081/82 | Purchase Of Raw Materials Required For Printing | 60,000.00 | 3,000.00 | २०८१/०९/१९ गतेको १२:०० बजे | २०८१/०९/१९ गतेको १३:०० बजे |

३. विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको Website मा राखिएको र थप जानकारीको लागि फोन नं. ०१-५६७०९८२ मा सम्पर्क गर्नुहोला।



**कुवेतमा रोजगार** कम्पनी : ETC FOOD RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१८ | LT. No. 309787 | चलानी नं. ६०२२४३८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 50 | 0 | 130 | ५७,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २६ गते (11th Dec. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Felicity International Employment Agency Pvt.Ltd.
P.O.Box: 11603, Samakhushi-03, Jaldhara Marg, Jhilimili Tole, Kathmandu
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np
Govt. License 226/058/059



**युएईमा रोजगार** कम्पनी : Vip Valent Parking L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०८/१८ | LT. No. 314788 | चलानी नं. ६०२२९१३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 20 | 0 | 1500 | ५५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २६ गते (11th Dec. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com
श्रम इजाजत नं. ११७७/०७३/०७४



**कतारमा रोजगार** कम्पनी : Tartoos for Contracting & Cleaning Co. W.L.L.

पूर्व स्वीकृति मिति : २०८०/११/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०८/१८ | LT. No. 301095 | चलानी नं.६०२१६३७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 21 | 0 | 1000 | ३६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour Services | 3 | 10 | 1000 | ३६,४१० | | | | | | | |
| 3 | Waiter | 0 | 4 | 1400 | ५०,९७५ | | | | | | | |
| 4 | Washing Woker | 2 | 0 | 1000 | ३६,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २६ गते (11th Dec. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

ARANIKO OVERSEAS PVT. LTD.
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658, Email: infoaraniko267@gmail.com
श्रम इजाजत नं. 267/058/059



**युएईमा रोजगार** कम्पनी : ALSAQAR ALSARIE CLEANING SERVICES EST.

पूर्व स्वीकृति मिति : २०८१/०५/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१८ | LT. No. 309563 | चलानी नं. ६०२२४२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 11 | 1200 | ४४,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २६ गते (11th Dec. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

E.U.Bright Future Pvt. Ltd. (PRESTIGE H.R. SOLUTION PVT.LTD.)
Tokha Municipality-10, Kathmandu, Nepal, Tel: 01-4975111, Email: eubrightfuture626@gmail.com
श्रम इजाजत नं. ११७३/०७३/०७४



**कुवेतमा रोजगार** कम्पनी : TLB FOOD STUFF GENERAL TRADING CO.

पूर्व स्वीकृति मिति : २०८१/०५/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१८ | LT. No. 310276 | चलानी नं. ६०२२४९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef/Kitchen Assistance | 10 | 0 | 125 | ५५,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver (Light/Heavy) | 10 | 0 | 150 | ६६,३४५ | | | | | | | |
| 3 | Steward/Dishwasher | 5 | 0 | 90 | ४२,०१५ | | | | | | | |
| 4 | Waiter | 5 | 4 | 120 | ५३,०७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २६ गते (11th Dec. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



**साउदीमा रोजगार** कम्पनी : DIESEL MACHINERY TRADING EST.

पूर्व स्वीकृति मिति : २०८१/०८/१७ | LT. No. 314787 | चलानी नं. ६०२२९१०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAREHOUSE WORKERS | 1 | 0 | 1000 | ३६,१८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २६ गते (11th Dec. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Felicity International Employment Agency Pvt.Ltd.
P.O.Box: 11603, Samakhushi-03, Jaldhara Marg, Jhilimili Tole, Kathmandu
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np
Govt. License 226/058/059



**साउदीमा रोजगार** कम्पनी : BARRAK NASSER MASOUD ALDOSSARI FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०८/१६ | LT. No. 314781 | चलानी नं.६०२२९०९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 20 | 0 | 2500 | ९०,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Truck Driver | 20 | 0 | 1800 | ६५,१४० | | | | | | | |
| 3 | Road Maintenance Labor | 30 | 0 | 1000 | २६,००० | | | | | | | |

कम्पनी : RASAM TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/१४ | LT. No. 314585 | चलानी नं.६०२२९०५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २६ गते (11th Dec. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

INNOVATIVE HUMAN RESOURCE DEVELOPMENT PVT. LTD.
Kopundole, Lalitpur, Nepal Tel : 977-1-5180193/5430829
E-mail : innovative815@gmail.com, Web: www.innovativehrdev.com.np
LIC 815/066/67



**साउदीमा रोजगार** कम्पनी : MAC SPECTRUM FIRST METALS COMPANY ONE-PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/१७ | LT. No. 314767 | चलानी नं. ६०२२९०९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Labour | 1 | 0 | 1000 | ३६,०५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २५ गते (10th Dec. 2024) मा हुनेछ।

नोट : यस सूचना मिति २०८१ मंसिर १८ गते प्रकाशन भइसकेकोमा पूर्व स्वीकृति मिति र चलानी नम्बर छुट्न गएकोले आज पुन: प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

JERRY MANAGEMENT SYSTEM Pvt. Ltd. Govt. License 1031/068/69
Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com



**वर्गीकृत विज्ञापन संकलन काउन्टर**

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३१८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन प्रति तोला – १५०३००
तेजाबी सुन प्रति तोला – ०
चाँदी प्रति तोला – १८४५

## सिलीगुडी–झापा र अमलेखगञ्ज चितवन पाइपलाइनबारे छलफल



■ प्रभाव संवाददाता

**काठमाडौं –** भारतको भ्रमणमा रहेका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र उनका भारतीय समकक्षी पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री हरदिपसिंह पुरीबीच नयाँदिल्लीमा भेटवार्ता भएको छ ।

सोमबार अपराह्न उनीहरूबीच भएको भेटवार्तामा दुई पक्षीय हितका साथै पारस्परिक चासोका विविध विषयमा कुराकानी भएको मन्त्री भण्डारीको निजी सचिवालयले जनाएको छ । उनीहरूबीच नयाँ पूर्वाधार योजनाअन्तर्गत सिलीगुडी-झापा र अमलेखगञ्ज-चितवन पेट्रोलियम पाइपलाइन निर्माणबारे छलफल भएको थियो । साथै उनीहरूले विगतमा दुई देशबीच भएका सम्झौता तथा तिनको कार्यान्वयनका सम्बन्धमा पनि छलफल गरेका थिए ।

यसैबीच, सर्लाहीको ग्यास पाइपलाइन निर्माण, त्रिभुवन विमानस्थलको इन्धन डिपो स्थानान्तरण, भारतीय आयल कर्पोरेशन लिमिटेड र नेपाल आयल निगमबीचको साझेदारीलगायत विषयमा छलफल भएको तथा दुवै निकायद्वारा प्रस्तुत एकीकृत प्रतिवेदन प्राप्त भएपछि सक्दो सहयोग गर्न भारत तत्पर रहेको मन्त्री पुरीले बताएको मन्त्री भण्डारीले नयाँदिल्लीबाट बताए ।

त्यसैगरी, द्विपक्षीय सरकारी संयन्त्रका सबै बैठक नियमित रूपमा गर्न दुवै पक्ष सहमत भएका उनले बताए । भारतीय पक्षले नेपालको सामाजिक-आर्थिक विकासमा निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको मन्त्री भण्डारीले जानकारी दिए ।

## नेपालको ऊर्जा क्षेत्रमा एडिबीको पाँच दशक

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा क्षेत्रमा नेपाल र एसियाली विकास बैंक (एडिबी) बीच सहकार्यको पाँच दशकबारे फोटो प्रदर्शनी शुरू भएको छ । बबरमहलस्थित नेपाल कला परिषद्मा मंगलबारदेखि शुरू भएको प्रदर्शनीको ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङले शुभारम्भ गरे ।

उक्त अवसरमा राज्यमन्त्री तामाङले नेपालको विद्युत् उत्पादन, प्रशारण तथा वितरण प्रणाली विकासमा एडिबीलगायत दातृ निकाय र विकास साझेदारको महत्वपूर्ण भूमिका रहेको बताए । हाल नेपालमा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण भइसकेको बताउँदै उनले केही समयभित्रै शतप्रतिशत विद्युतीकरण गर्ने र नेपालमा बढी भएको बिजुली निर्यातका लागिसमेत पर्याप्त सम्भावना रहेको बताए ।

'नेपालमा ठूलो मात्रामा विद्युत् उत्पादन भएकोमा हामी विदेशमा बेच्ने मात्र नभइ आन्तरिक खपत पनि बढाउनुपर्ने छ । काठमाडौंमा, पोखरा, बिराटनगर, चितवनलगायत ठूला सहरमा चल्ने ट्याक्सीलाई विद्युतीय ट्याक्सीमा रूपान्तरण गर्न सकिन्छ', 



राज्यमन्त्री तामाङले भने ।

ऊर्जा मन्त्रालयका सचिव सुरेश आचार्यले दूधकोशी, माथिल्लो अरूणलगायत ठूला आयोजनामा एडिबीले लगानी गर्न खोजेको र नेपालले त्यसका लागि सहजीकरण गरिरहेको बताए ।

एडिबीको नेपालका लागि देशीय निर्देशक आर्नो कोस्वाले विभिन्न जलविद्युत् उत्पादन आयोजनामा, प्रसारणलाइनतर्फ करिब ५० प्रतिशत आयोजना र एक तिहाइभन्दा बढी ३३ केभीका वितरण सबस्टेशन निर्माणमा एडिबीले लगानी गरेको बताए ।

नेपालमा विद्युत्को भूमिगत वितरण प्रणाली, सवारी चार्जिङ स्टेसन, विभिन्न उत्पादन तथा प्रशारण आयोजना र निजी क्षेत्रबाट प्रवर्द्धित आयोजनामा पनि एडिबीको लगानी रहेको कोस्वाले बताए । विद्युत् पहुँच विस्तारले दुर्गम क्षेत्रमा रोजगारी सिर्जना गरेर तथा विभिन्न अवसर सिर्जना गरेर जीवनस्तर उकास्न भूमिका खेलेको उनको भनाइ छ । एडिबीले नेपालमा ऊर्जा क्षेत्रको थप सुदृढीकरण, प्रवर्द्धन, दिगो व्यवसायिक ढाँचा विकासमार्फत् निजी क्षेत्रमा लगानीसहितको लगानी विविधताका लागि निरन्तर सहयोग गर्ने उनको भनाइ छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नेपालको ऊर्जा क्षेत्रमा सहुलियतपूर्ण ऋण, अनुदान र प्राविधिक सहयोगका लागि एडिबीले महत्वपूर्ण भूमिका खेलेको बताए । विद्युत् उत्पादन, प्रशारण, वितरण प्रणाली, स्मार्ट मिटर जडान, डिजिटल बिलिङ प्रणाली, सबस्टेसन आधुनिकीकरणलगायत क्षेत्रमा एडिबीको लगानी रहेको बताए ।

एडिबी र नेपाल सरकारबीच सन् १९७२ मा प्रशारणलाइन परियोजनामा लगानीमार्फत् साझेदारी शुरू भएको थियो । एडिबीको सहयोगमा नेपालकै निजी क्षेत्रको पहिलो लगानीको ६० मेगावाट खिम्ती जलविद्युत् आयोजना, नेपालकै पहिलो एक सय मेगावाटभन्दा ठूलो एक सय ४४ मेगावाटको कालीगण्डकी-ए लगायत आयोजनामा निर्माण गरिएका हुन् ।

एडिबीको आर्थिक तथा प्राविधिक सहयोगमा एक सय ४० मेगावाट उत्पादन क्षमताको तनहुँ जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । त्यस्तै, प्रशारणलाइनतर्फ चार सय केभी नयाँ खिम्ती-काठमाडौं आयोजना, तामाकोशी-काठमाडौं, महेन्द्रनगर-कोहलपुर, बुटवल कोहलपुर सडकको प्रशारणलाइनलगायत प्रशारणलाइनमा एडिबीले लगानी गरेको छ ।

फोटो पत्रकार क्लबका अध्यक्ष द्वारिका काफ्लेले नेपालको पूर्वाधार क्षेत्रमा के कस्तो सहकार्य भएको छ भन्ने देखाउन प्रदर्शनी शुरू गरिएको बताए । फोटो पत्रकार क्लबले आयोजना गरेको तस्वीर प्रदर्शनी एक हप्ता चल्नेछ ।

## विमानस्थलको अनुगमनमा पर्यटनमन्त्री

**काठमाडौं–** मुलुकको व्यस्त त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता अभिवृद्धिको काम तीव्र गतिमा भइरहेको छ । गत कात्तिक २३ गतेदेखि दैनिक १० घण्टा उडान बन्द गरेर विमानस्थल विस्तारका क्रममा समानान्तर 'ट्याक्सी वे', 'इन्टरनेशनल एप्रोन' 'ह्याङ्गर एप्रोन'लगायत काम भइरहेको हो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले गत कात्तिक २३ गतेदेखि दैनिक १० घण्टा उडान बन्द गरेर अन्तर्राष्ट्रिय विमानस्थल विस्तारको काम भइरहेको जनाएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले अन्तर्राष्ट्रिय विमानस्थलमा निर्माणाधीन समानान्तर 'ट्याक्सी वे', 'इन्टरनेशनल एप्रोन' 'ह्याङ्गर एप्रोन' लगायत कामको स्थलगत अवलोकन गरेका छन् । मन्त्री पाण्डेले मध्यराति पर्यटनमन्त्री, पर्यटन राज्यमन्त्री अरुणकुमार चौधरी, पर्यटन सचिव डा गणेशप्रसाद पाण्डेय, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीसहितको टोलीले विमानस्थलको क्षमता अभिवृद्धिअन्तर्गत भइरहेका कामको अवलोकन गरेको हो ।

प्राधिकरणअन्तर्गतको हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाले विमानस्थलको दक्षिण-पश्चिमतर्फ समानान्तर 'ट्याक्सी वे', उत्तरतर्फको 'इन्टरनेशनल एप्रोन' र विमानस्थलको पूर्वतर्फको 'ह्याङ्गर एप्रोन' को काम गरिरहेको हो । यी काम पूरा गर्न करिब रु १५ अर्ब खर्च हुने आयोजना कार्यालयले जनाएको छ ।



विमानस्थलको क्षमता अभिवृद्धिका लागि भइरहेका विभिन्न कामको अवलोकन गर्दै पर्यटनमन्त्री पाण्डेले निर्माण तीव्र गतिमा भइरहेको भन्दै समयमा काम सम्पन्न हुने विश्वास व्यक्त गरे । उनले ठूलो संख्यामा जनशक्तिसहित प्रभावकारी रूपमा उपकरणको परिचालन गरेर युद्धस्तरमा भइरहेको निर्माणले विकासे आयोजनाको कामलाई गुणस्तरीय र निर्धारित समयमा सम्पन्न गर्न सकिन्छ भन्ने सन्देश दिएको उल्लेख गरे ।

पर्यटनमन्त्री पाण्डेले अहिले भइरहेको निर्माण सन्तोषजनक रहेको जनाउँदै निर्धारित समयमा काम सकेपछि विमानस्थलको उडान सेवा प्रभावकारी र थप गुणस्तरीय हुने विश्वास व्यक्त गरे । 'दश घण्टा विमानस्थल बन्द गरेर निर्माण तीव्र गतिमा सबै क्षेत्रमा भइरहेको छ । आगामी चैत १८ गतेसम्म १० घण्टा विमानस्थल बन्द गरेर काम गर्ने समय तोकेका थियौं, अहिलेको युद्धस्तरमा भइरहेको कामले त्योभन्दा पहिला सम्पन्न हुने सङ्केत गरेको छ', उनले भने ।

पर्यटनमन्त्री पाण्डेले हरेक परियोजना समयमा काम नहुने, ठेक्का तोडिने र सडक तथा भवन अलपत्र हुने अवस्था रहेको छ भन्दै यस्ता गतिविधि रोक्न सम्बन्धित स्थानीय तह, नागरिक समाजले पनि निर्माण कम्पनीलाई दबाब सृजना गर्नुपर्नेमा जोड दिए । विमानस्थलमा भइरहेको निर्माणको गतिले तोकिएकै समयमा काम सकिन्छ भन्ने सन्देश दिने उल्लेख गरे ।

विमानस्थल क्षमता अभिवृद्धि आयोजनाका प्रमुख दीपेन्द्र श्रेष्ठले आवश्यक जनशक्ति तथा उपकरणको पूर्ण क्षमतामा परिचालन गरेर अहिले विमानस्थलको क्षमता अभिवृद्धिको काम भइरहेको बताए । उनका अनुसार तीन सयभन्दा दक्ष जनशक्ति, आधुनिक उपकरणको सहायताले दैनिक १० घण्टा विमानस्थल विस्तारको काम भइरहेको छ ।

विमानस्थलको धावनमार्गसँगै समानन्तर हुनेगरी ट्याक्सी वे बनाउन लागिएको प्रमुख श्रेष्ठले जानकारी दिए । विमानस्थलको स्तरोन्नतिपछि २० देखि २५ प्रतिशत धावनमार्गको क्षमता बढ्नेछ भने एयर ट्राफिक व्यवस्थापन सहज हुने उनको भनाइ छ । विमानस्थल स्तरोन्नतिका क्रममा राति १० बजेदेखि बिहान ८ बजेसम्मका सबै उडान कटौती गरिएका छन् । उडान सुरक्षामा कुनै खतरा उत्पन्न नहोस् भनेर उडान बन्द गरेर विस्तारको काम गरिएको प्राधिकरणले जनाएको छ ।

नेपालमा हाल तीन अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थापनाको ७४ वर्षपछि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएका हुन् । मुलुकको जेठो त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर आन्तरिकतर्फ ११ हेलिकप्टर कम्पनीसहित १९ हवाई कम्पनी र आन्तर्राष्ट्रियतर्फ तीन नेपालीसहित ३० हवाई सेवा कम्पनीले उडान गर्दै आएका छन् । काठमाडौं विमानस्थलमा आन्तरिकमा दुईतर्फी तीन सयभन्दा बढी र अन्तर्राष्ट्रियतर्फ एक सय हाराहारी उडान हुने गरेका छन् । *रासस*

## महालक्ष्मी विकास बैंकको विशेष कार्यक्रम

**काठमाडौं (प्रस) –** महालक्ष्मी विकास बैंकले अन्तर्राष्ट्रिय अपांगता दिवसका अवसरमा विशेष कार्यक्रम आयोजना गरेको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम सम्पन्न गरेको हो ।

३३औं अन्तर्राष्ट्रिय अपांगता दिवसको अवसरमा बैंकले अपांगता भएका व्यक्तिहरूको बैंकिङ्ग कारोबारलाई थप सहजीकरण गर्नको निमित्त उपलब्ध स्रोत साधनहरूको अधिकत्तम प्रयोग गरी बैंकको दरबारमार्ग शाखालाई अपांगमैत्री शाखाको रूपमा विकास गर्न प्रयास गर्नेछ ।

साथै संयुक्त राष्ट्र संघ तथा नेपाल सरकारले तय गरेको नारा 'समावेशी तथा दिगो भविष्यको पूर्वाधार, अपांगता भएका व्यक्तिहरूको प्रबल नेतृत्व यसको आधार'लाई आत्मसात गर्दै बैंकले संस्थागत



सामाजिक उत्तरदायित्व अन्तर्गत अपाङ्गता संरक्षण नेपाल सँगको सहकार्यमा शारीरिक अपाङ्गता भएका तथा दृष्टिविहिनहरूलाई सहयोग गर्ने उद्देश्य अनुरूप बैंकको केन्द्रीय कार्यालय दरबारमार्गमा आयोजित एक कार्यक्रमका बीच सेतो छडी लगायतका सामग्रीहरू समेत वितरण गरिएको छ ।

सुरक्षित अन्न भण्डारण गरौं
- भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,
- अन्नलाई सफा, सुख्खा, कम आद्रता भएको ठाउँमा राखौं,
- भकारी वा अन्न राखेको भाँडोलाई भुईंमा नराखौं, काठ वा फ्ल्याकमाथि राखौं,
- स्टिल वा टिनका भाँडामा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौं,
- भण्डारण गर्ने कोठामा हावाको राम्रो वन्दोबस्त मिलाऔं,
- अन्न भण्डारको समय–समयमा निगरानी गरौं,
- अन्न भण्डारमा लाग्ने घुन, किराहरूको व्यवस्थापनका लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक